पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : ३०    अङ्क : ४३    २०७० असार ७ गते    शुक्रबार (June 21, 2013)    मूल्य रू. ७/-

## आफ्नै नेताहरूको जग्गा कब्जा

काठमाडौं । तत्कालीन नेकपा माओवादीले सशस्त्र विद्रोह गरेका बेला सम्भ्रान्त र जमिनदारको जग्गा कब्जा गर्ने रणनीति नै लिएको थियो । त्यसरी कब्जामा लिएको जग्गा आजसम्म फिर्ता गरिएको छैन । नेपाली काँग्रेस, नेकपा एमाले लगायतका अन्य दलहरूले हालको एकीकृत नेकपा माओवादी नेतृत्वलाई कब्जामा लिएको सम्पत्ति, घरजग्गा सम्बन्धित व्यक्तिलाई फिर्ता गर्न बारम्बार आग्रह गर्दा पनि फिर्ता नभएको अवस्थामा अब कुनै समयसँगै लडेका नेताहरूको जग्गा नेकपा-माओवादीले कब्जा गर्न थालेको छ । पहिला नियन्त्रणमा लिएको वा कब्जा गरेका जग्गा भूमिहीन किसानलाई वितरण गरिएको बताइएता पनि त्यस्तो जग्गा आजसम्म सम्बन्धित जग्गा धनीलाई फिर्ता नगरिनुले कानुनी राज्यको धज्जी उडेको छ । (बाँकी अन्तिम पेजमा)

# न्यायपरिषद्‌मा शपथ, पार्टी कार्यालयमा हाजिर

काठमाडौं । असार २ गते पुनरावेदन र जिल्ला अलालतका न्यायाधीश पदको शपथग्रहण गरेर तत्काल पदस्थापन गर्न अदालत पुगेका न्यायाधीशहरू दौरा, सुरुवाल, कोट र टोपी समेत नफुकाली पार्टी कार्यालय पुगेर पार्टी नेताहरूलाई 'धन्यवाद ज्ञापन' गर्छन् र नेताहरूबाट 'पार्टीलाई नबिर्सनु नि' भन्ने गायत्री मन्त्रदान लिन्छन् भने यस्तो तन्त्रलाई कसरी लोकतन्त्र मान्न सकिन्छ ।



यस्तै लज्जा पनि लज्जित हुने चरम गैरजिम्मेवारी पूर्ण र न्यायिक आचारसंहिताको उल्लंघन गरेका छन् । नव नियुक्त पार्टीको कोटामा न्यायाधीश पदको बक्सिस पाउनेहरूले यो प्रमाणिक घटनापछि प्रधानन्यायाधीश, कामु प्रधानन्यायाधीश अथवा न्याय परिषद्‌लाई कुनै लाज लागेन । तर नेपाल बार एसोसिएसन अध्यक्ष हरिकृष्ण कार्की वा कानुनविद्‌हरूले एकै स्वरमा अभिव्यक्ति दिए- शपथ ग्रहण गरेर पार्टी कार्यालय जानु न्यायिक मर्यादा विपरित हो । जुन व्यक्ति न्यायाधीश नियुक्त भएपछि अनि पार्टी आस्था बोकिहाल्छ र सार्वजनिक गर्छ भने त्यस्तो व्यक्तिलाई तत्काल पदमुक्त गर्नुपर्ने हो । सर्वसत्तावादी चरित्रको ४ दलीय सिण्डिकेटको अरौटे भरौटे बनेको प्रधानन्यायाधीश र प्रधानमन्त्रीको एउटै टाउकामा दुईटा टोपी लगाएका खिलराज रेग्मीसँग त्यस्तो स्वच्छ न्यायिक (बाँकी अन्तिम पेजमा)

## ओमानमा बलात्कार, बैरो विभागमा भ्रष्टाचार

काठमाडौं । नुवाकोटकी दीपा श्रेष्ठ ब्युटिसियनको काम गर्न ओमान पुग्नासाथ मेनपावर कम्पनीका संचालक र अध्यक्ष सुजन भण्डारीको बलात्कारमा परिन् । पटक-पटक यौन शोषणमा परेर स्वदेश फर्केकी दीपाले वैदेशिक रोजगार विभागमा उजुरी गर्न जाँदा मुद्दा फाँटले वास्तै गरेन । दलालमार्फत् ७ हजार घुस खुवाएर पछि मुद्दा फाँटका अधिकृत बाबुराम पाण्डेले ३ दिनपछि बल्ल मुद्दा दर्ता गरेका छन् ।

दीपालाई सप्तकोसी ह्युमन रिसोर्स मेनपावरले ओमान पठाएको हो । यही कम्पनीका अध्यक्ष र संचालकहरू लोकमणि लिम्बू र योगेन्द्र लिम्बूले दीपालाई फसाए । यो काण्डमा प्रहरीको (बाँकी अन्तिम पेजमा)

## निर्वाचन गराउन खोजे जनविद्रोह गर्ने धम्की

अभियान संवाददाता

काठमाडौं । सर्वोच्च अदालतका वहालवाला प्रधानन्यायाधीश खिलराज रेग्मीलाई संविधान नै संशोधन गरेर मन्त्रिपरिषद्‌को अध्यक्ष बनाइएको प्रक्रियाविरूद्ध नै आपत्ति जनाउँदै आएको नेकपा-माओवादीले उक्त प्रक्रिया खारेज नभएसम्म निर्वाचन नै हुन सक्ने भन्दै साना ३३ दललाई साथमा लिएर आन्दोलन गरिरहेको अवस्थामा रेग्मी सरकारले आउँदो मंसिर ४ गते संविधानसभाको निर्वाचन गराउने घोषणा गरेपछि मुलुक तातिएको छ ।



एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस, नेकपा एमाले सहितका केही दलहरूले मिति घोषणाको स्वागत गरे पनि नेकपा-माओवादी लगायतका अन्य केही दलहरूले त्यसको विरोध गरेका छन् ।

त्यसैक्रममा नेकपा-माओवादी सचिव देव गुरूङले रेग्मी सरकार र चार दलहरूको राजनीतिक संयन्त्रलाई तागत भए मंसिर ४ गते निर्वाचन गराएर देखाउन चुनौति दिएका छन् । गत शनिवार भएको एक सार्वजनिक कार्यक्रममा बोल्दै सचिव गुरूङले भने तागत भए निर्वाचन गाराएर देखाउन (बाँकी अन्तिम पेजमा)

## खिलराजका ५ प्रहरी हनुमान

अभियान संवाददाता

काठमाडौं । मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले निर्वाचनमा प्रहरीको अहं रोल हुने भएकाले आफ्नै पहलमा ५ विकास क्षेत्रमा ५ प्रहरी हनुमानको चयन गरेका छन् । निर्वाचनको मिति घोषणा गर्नु अघि गरिएको प्रहरी क्षेत्रीय प्रमुख डिआईजीहरूलाई नेपाल प्रहरीभित्रै खिलराजका चुनावी हनुमान भनेर टिप्पणी गरिएको छ । ती हनुमानहरू यस्ता छन् :- पूर्वाञ्चल प्रमुख उपेन्द्रकान्त अर्याल, पश्चिमाञ्चल प्रमुखमा सुरेन्द्रबहादुर सिंह, मध्यपश्चिम प्रमुखमा राजेन्द्रसिंह



भण्डारी, मध्यमाञ्चल प्रमुखमा विज्ञानराज शर्मा र सुदूरपश्चिममा प्रमुखमा नारायण बास्ताकोटी रहेका छन् । यी सबै (बाँकी अन्तिम पेजमा)



## प्रचण्डलाई देवको दनक

काठमाडौं । मंसिर ४ गते संविधानसभाको निर्वाचनको मिति तोकिएपछि चुनावी भाषण गर्दै हिंडेका प्रचण्ड अब कसैले चुनाव रोक्न सक्दैन भन्ने प्रचार गरिरहेका छन् । तर प्रचण्डको यस कथनलाई चुनौति दिंदै नेकपा-माओवादीका सचिव देव गुरूङले दनक दिएका छन् । देव गुरूङकै शब्दमा 'ताकत भए नेकपा-माओवादीलाई उपेक्षा गरेर चुनाव गराए हुन्छ । हाम्रो शक्तिलाई उपेक्षागरेको परिणाम त्यतिबेलै (बाँकी अन्तिम पेजमा)

## भ्रष्टाचारीविरूद्ध अदालत कडा हुनै पर्ने

काठमाडौं । पदको चरम दुरूपायोग गर्दै व्याक्तिगत स्वार्थ पुरा गर्ने प्रवृति नेपालमा कुनै नौलो होइन । पदमा पुगेपछि ऐन नियम र कानुनलाई मिचेर पदको दुरूपयोग गर्ने व्याक्तिहरूलाई कडा सजायको व्यवस्था नभएकै कारण मुलुक भ्रष्टाचारको दलदलमा फसेको छ ।

पछिल्लो पटक धनकुटामा सातसय ७४ रोपनी सार्वजानिक जग्गा व्याक्तिको नाममा दर्ता गरेको आरोप धनकुटा जिल्ला मालपोत कार्यालयका कार्यालय प्रमुखसहित अन्य पाँच जना कर्मचारीहरूका विरूद्ध अख्तियार दुरूपयोग अनुसन्धान आयोगले विशेष अदालतमा (बाँकी अन्तिम पेजमा)

## मेरो पनि अहं भूमिका : पूर्वराजा ज्ञानेन्द्र शाह

काठमाडौं । असार ५ गते जनकपुरबासीले पूर्वराजाको अभिनन्दन गरेपछि अभिनन्दनको प्रत्युत्तर दिदै पूर्वराजाले 'कसैलाई निषेध नगरौं' भनेर राजनीतिक सन्देशमात्र दिएनन्, 'गर्न तम्सनेहरू स्वयं राष्ट्रिय कर्तव्यबाट बिमुख बन्छन् भने' भन्ने चेतावनी दिदै 'मेरो पनि अहं भूमिका हुने सबैमा बिदितै छ' भनेर राजनीतिक धरातलमा उत्रिने लागेको सन्देश दिएका छन् ।

पूर्वराजाको यो सन्देश यति मार्मिक र यति महत्वपूर्ण छ कि निषेधको राजनीति गरेर ४२ दललाई किनारा लगाउँदै शीर्ष चार दल मंसिर ४ को निर्वाचन सम्पन्न गर्नअघि बढेका छन् भने नेकपा-



माओवादीसहितका ४२ दल बहिष्कारको अधिकार प्रयोग गर्ने मनस्थितिमा पुगेका छन् । भारतले कांग्रेसको शीर्ष नेतृत्वलाई पन्छाएर तेस्रो नम्बरका शेरबहादुर देउवालाई निम्त्याएर 'घोडा फर्ने' कसरत सुरु गरिसकेको र देउवाले पनि भारतकै पुठ पाएर असन्तुष्टहरूसँग वार्ता थालिसकेको सन्दर्भले निर्वाचन हुँदैन भन्ने संकेत गरिसकेको छ । राष्ट्रिय स्वाधीनता र सार्वभौमिकतामाथि विदेशी चलखेल खुला रूपमा बढेको स्थितिमा पूर्वराजाले 'म पनि चिन्तित छु' भनेर जनताको साथमा उभिँदै जनताले चाहे राजतन्त्र फेरि आउनसक्छ भनेका छन् । पूर्वराजाकै शब्दमा 'नेपाली जनताको मन, मुटु र (बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

*– अभियानवाणी*

अभियान साप्ताहिक

## सम्पादकीय

# निषेधको राजनीति अन्त्य गर

*कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी नेपाली कांग्रेस, नेकपा एमाले र केही मधेसवादी दलहरूको मधेसी मोर्चाले अन्य साना दलहरूलाई निषेधको राजनीति गरेका हुनाले आगामी मंसिर ४ गते हुने भनिएको संविधानसभाको दोस्रो निर्वाचन नहुने प्रायः निश्चित जस्तै भएको छ । चार दलले आफूहरूले मात्र सहमति गरेर गत फागुन ३० गते ११ बुँदे सहमति गर्दै त्यही सहमतिका आधारमा चैत्र १ गते संविधानको बाधा अड्काउ धारा १५८ मार्फत् संविधानको २५ वटा दफाहरू संशोधन गरेर सर्वोच्च अदालतका वहालवाला प्रधान न्यायाधीशलाई काजमा ल्याएर संविधानले परिकल्पना नै नगरेको मन्त्रिपरिषद्को अध्यक्ष बनाएपछि चार दलबाहेकका अन्य दलहरूले त्यसको विरोध गर्दै नेपाल बन्ददेखि सडक संघर्षका कार्यक्रमहरू समेत गरिसकेका छन् ।*

*चार दलको उच्चस्तरीय राजनीतिक संयन्त्रले अन्य सबै दलहरूलाई सहमतिमा ल्याउनु पर्ने अनिवार्य सर्त भए पनि आजसम्म उनीहरूले सडक आन्दोलनमा रहेका दलहरूलाई वार्तामा आउन आव्हान गर्नु बाहेक अन्य केही गर्न नसकेका हुनाले अन्य साना दलहरू चार दल र खिलराज रेग्मी नेतृत्वको सरकारप्रति आक्रोसित भएका छन् । पछिल्लो समयमा ११ बुँदे र २५ बुँदे सहमति गर्ने दलहरू भित्रै आरोप-प्रत्यारोप चलेको र पहिले नै सहमति भइसकेका विषयहरूमा समेत अहिले दलहरूले बखेडा निकाल्न थालेका छन् । हत्या गरिएको संविधानसभाको संख्या ६०१ रहेकोमा त्यसप्रति जनताको व्यापक आक्रोश रहेपछि एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले संविधानसभामा सदस्यहरूको संख्या ठूलो भएको भन्दै त्यसलाई घटाउने सार्वजनिक उद्घोष गरेका थिए । तर विडम्बना मानिनु पर्दछ अहिले तिनै दाहाल फेरि पहिला सहमति भएको चार सय ९१ जनाको संख्यालाई बढाएर ६०१ नै कायम गर्नु पर्दछ भने अडान राख्न थालेका हुनाले त्यस्ता दुई जिब्रे नेतालाई कसरी विश्वास गर्ने ?*

*विगत एक वर्षदेखि यिनै चार दलबीच सहमति हुन नसकेर एक वर्षको समय यिनीहरूले व्यर्थैमा गुमाएका छन् । चार दलीय उच्चस्तरीय राजनीतिक संयन्त्रले रेग्मी सरकारलाई आफ्नो नियन्त्रणमा राख्ने बाहेक अन्य केही काम गर्न सकेको छैन । चार दलीय राजनीतिक उच्चस्तरीय संयन्त्र एक किसिमले त्यो अवैधानिक संयन्त्र हो । कानुनी रूपमा कुनै हैसियत नभएको संयन्त्रले गरेका निर्णयहरूलाई रेग्मी सरकारले स्वीकार गरी त्यसै अनुसार सरकार अगाडि बढ्नु भनेको मुलुक भूमिगत गिरोहबाट सञ्चालन हुनु हो । नेपालको अन्तरिम संविधानले परिकल्पना नै नगरेको र संविधानले चिन्दै नचिनेका व्यक्तिलाई सरकार प्रमुख बनाउने चार दल र राष्ट्रपति डा. रामवरण यादवले जनतासामु माफी मागेर राजनीतिक व्यक्तिको नेतृत्वमा सरकार गठन गरी त्यही सरकारलाई निर्वाचन गराउने जिम्मेवारी दिएको खण्डमा मात्र अब मुलुकले उचित निकास पाउन सक्छ ।*

*अहिले एकीकृत नेकपा माओवादीका अध्यक्ष दाहालले कुनै दलले निर्वाचनमा भाग नलिएपनि त्यसले केही फरक नपर्ने बताइरहेका हुनाले दाहालले अन्य दलहरूलाई निर्वाचनमा सहभागी गराउने प्रयास नगरेको प्रष्ट हुन्छ । संविधानसभाको निर्वाचन संसद्को जस्तो निर्वाचन नभएको हुनाले सबै राजनीतिक दलहरूको सहभागिता निर्वाचनमा अनिवार्य सर्त हो । तसर्थ सडक आन्दोलनमा रहेका दलहरूको मागलाई सम्बोधन गरी आवश्यक परेको खण्डमा रेग्मीले प्रधानन्यायाधीशबाट राजीनामा दिएरै भए पनि र उच्चस्तरीय राजनीतिक संयन्त्र खारेज गरेरै भए पनि सबै दलहरूलाई निर्वाचनमा सहभागी गराएर निर्वाचन गराइयोस् भन्ने हाम्रो जोडदार माग रहेको छ ।*

# नेकपा-माओवादीले भाग नलिए निर्वाचन सम्भव होला त ?

■ *देवेन्द्र चुडाल*

संविधानसभाको दोस्रो निर्वाचनका लागि मिति घोषणा भएको छ । तर धेरै व्यक्तिहरूले प्रश्न उठाउने गरेका छन्, के मंसिर ४ गते तय भएको संविधानसभाको निर्वाचन होला त ? निर्वाचन भएन भने के हुन्छ ? निर्वाचन भए पनि एमाओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादी लगायतका अन्य केही दलहरूले निर्वाचनमा भाग लिएनन् भने के निर्वाचनले वैधानिकता पाउँछ ? यी तमाम प्रश्नहरू अनुत्तरित नै रहेका छन् । संविधानसभा निर्वाचन आफैँमा समाधान होइन । यो त एउटा समाधानको पहिलो खुड्किलो मात्र हो । हिजो पनि संविधानसभाको निर्वाचन भएको थियो । नेपाली जनताले दुई वर्षे म्याण्डेट दिएर संविधान निर्माण गर्न संविधानसभामा पठाएका प्रतिनिधिहरूले जनताको म्याण्डेट विपरित दुई वर्षे कार्यकाललाई पटक/पटक म्याद थपेर चार वर्षसम्म पुऱ्याए पनि उनीहरूले संविधान निर्माण गर्न सकेनन् । हिजो संविधान निर्माण गर्दा उब्जिएका समस्याहरू आज पनि ज्युँ का तिउँ रहेका हुनाले मंसिर ४ गते निर्वाचन भइहाले पनि त्यो संविधानसभाले संविधान निर्माण गर्दछ भन्ने ग्यारेन्टी छैन । १० वर्षे जनयुद्ध गरेर विकास निर्माणका कार्यहरू ध्वस्त पार्ने हालको एमाओवादीले संविधानसभाको माग गरेको थियो । तर विडम्बना नै मानिनु पर्दछ त्यही पार्टीका नेता प्रधानमन्त्री भएको बेला संविधान नै निर्माण नगरी संविधानसभाको हत्या गरिदिए, आखिर किन ?

मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको निर्वाचनमा नेकपा-माओवादी लगायतका अन्य दलहरूले भाग नलिएको खण्डमा निर्वाचनले वैधानिकता पाउन सक्ने अवस्था रहन्छ कि रहँदैन भन्ने तर्फ कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले र चरम अवसरवादी मधेसवादी दलहरूभित्रै विवाद रहेको छ । नेकपा-माओवादीले अहिलेको अवस्थामा निर्वाचन हुन नसक्ने भन्दै निर्वाचन आयोगमा दल दर्ताका लागि निवेदन नै नदिएको र निवेदन दिएका दलहरूसमेत नेकपा-माओवादीसँग मोर्चावन्दी गरेर सडक संघर्षमा गएका हुनाले निर्वाचन हुने कुरामा विश्वास गर्न सकिने आधारहरू देख्न सकिएको छैन । नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यले आफ्नो पार्टीलगायतका अन्य पार्टीहरू निर्वाचन विरोधी नभएको पटक/पटक उद्घोष गरिसकेका छन् । उनीहरूको माग भनेको गत फागुन ३० गते भएको ११ बुँदे सहमति र त्यही सहमतिका आधारमा चैत्र १ गते भएको संविधानको बाधा अड्काउ धारा १५८ अनुसार २५ बुँदे संशोधनलाई खारेज गरिनुपर्ने अडानमा रहेका छन् । वास्तवमा भन्ने हो भने संविधान संशोधन गर्ने अधिकार संसद् र जनताबाहेक कसैलाई छैन । चार दलले मात्र सहमति गरेर एउटा व्यक्तिलाई सरकारको नेतृत्व दिन संविधान संशोधन गर्नु असंवैधानिक र अप्रजातान्त्रिक कार्य नै हो । हत्या गरिएको संविधानसभामा उपस्थित भएका सबै दलहरूको सहमति र समर्थनमा संविधान संशोधन गरिएको भए अहिलेको समस्या नै आउने थिएन । तर कथित ठूला दल भनिएका दलहरूले राष्ट्रपति डा.रामवरण यादवलाई समेत प्रभावमा पारेर चार दलले मात्र मुलुक आफ्नो मात्र पेवा वा विर्ता सम्झिएर असंवैधानिक कदम चालेका हुनाले नेकपा-माओवादीलगायतका अन्य साना दलहरूले सडक आन्दोलन गरेका हुन् । मंसिर ४ गते गर्ने भनिएको निर्वाचनको भविष्य अब नेकपा-माओवादीलगायतका अन्य

**मंसिर ४ गते गर्ने भनिएको संविधानसभाको निर्वाचनमा नेकपा-माओवादी लगायतका अन्य दलहरूले भाग नलिएको खण्डमा निर्वाचनले वैधानिकता पाउन सक्ने अवस्था रहन्छ कि रहँदैन भन्ने तर्फ कथित ठूला दल भनिएका एकीकृत नेकपा माओवादी, नेपाली काग्रेस, नेकपा एमाले र चरम अवसरवादी मधेसवादी दलहरूभित्रै विवाद रहेको छ ।**

दलहरूको हातमा पुगेको छ । यदि नेकपा-माओवादीलगायतका अन्य दलहरूले निर्वाचनमा भाग नलिएको खण्डमा किमार्थ पनि मंसिर ४ गते निर्वाचन हुन सक्ने सम्भावना नै देखिँदैन ।

चार दलीय सिन्डिकेट नै अहिलेको र निर्वाचनको लागि वाधक देखिएको छ ।` चार दलीय सिन्डिकेटले असंवैधानिक रूपमा राज्य सञ्चालन गरिरहेका छन् । नेपालको अन्तरिम संविधानले परिकल्पना समेत नगरेका व्यक्तिलाई सर्वोच्च अदालतबाट काजमा ल्याएर मन्त्रिपरिषद्को अध्यक्ष बनाइएको छ । बहुदलीय व्यवस्थामा निर्दलीय व्यक्ति कुनै हालतमा पनि सरकारको नेतृत्व लिन अयोग्य हुने विश्वव्यापी सिद्धान्तलाई उल्लङ्घन गर्दै वहालवाला प्रधानन्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउनु नै समस्याको जड हो । शक्ति पृथकीकरणको सिद्धान्तलाई समेत चार दलले उल्लंघन गरेका छन् । प्रत्येक क्षेत्रमा चार दलको हस्तक्षेप भएको छ । हालै न्यायपरिषद्ले पुनरावेदन र जिल्ला अदालतमा न्यायाधीशहरू नियुक्ति गर्न सिफारिस गरेका र कामु न्यायाधीशबाट नियुक्ति पाएका न्यायाधीहरूलाई हेरेमा हस्तक्षेपको राम्रो नमुना देख्न सकिन्छ । न्यायालय भनेको स्वतन्त्र र निष्पक्ष हुनु पर्ने विश्वव्यापी मान्यताको उल्लंघन गर्दै ठूला दलहरूले आफ्नो पार्टीका लेटरप्याडमै न्यायाधीश नियुक्त गर्न नाम सिफारिस गरेको घटनाले न्यायालयको स्वतन्त्रतामाथि नै प्रश्न उठाएको छ । न्यायालय भनेको व्यवस्थापिका र कार्यपालिकाबाट पीडित भएका व्यक्तिहरूले न्याय पाउने अन्तिम संस्थाका रूपमा जनिन्छ । तर त्यहाँ पनि दलहरूले भागवण्डा गरेर न्यायालयभित्र समेत राजनैतिक कार्यकर्ताहरू भर्ना गरेका हुनाले अब जनताले न्याय पाउन पनि दल र दलका नेताहरूको घर घरमा धाउनु पर्ने बाध्यता रहेको छ ।

सन् १९९८ मा अनुमोदन भएको राष्ट्रसंघीय स्वतन्त्र न्यायालय सम्बन्धी २० बुँदे आधारभूत सिद्धान्तमा न्यायाधीशलाई नागरिकको जीवन स्वतन्त्रता, अधिकार, कर्तव्य र सम्पत्तिमाथिको अन्तिम निर्णयकर्ताको रूपमा स्वीकार गरिएको छ । त्यस्तो निर्णय गर्ने व्यक्ति न्यायाधीश नियुक्त भएको केही घन्टाभित्रै पार्टी कार्यालय पुगेर पार्टीका शीर्ष नेतालाई कृतज्ञता ज्ञापन गर्ने र निर्देशन लिने कार्यले गर्दा न्यायालयको स्वतन्त्रतामाथि नै प्रश्न उठेको छ । एउटा पार्टीका नेताले आफ्नो पार्टीले न्यायाधीश बनाएको हुनाले पार्टीको हित नबिर्सन निर्देशन दिनुले के संकेत गर्दछ ? त्यस्ता न्यायाधीशहरूबाट जनताले कस्तो न्याय पाउँछन् । नेपाली कांग्रेस र नेकपा एमालेले एकीकृत नेकपा माओवादीलाई अदालतमा हस्तक्षेप गर्ने गरेको आरोप लगाईरहेको बेला त्यसरी आरोप लगाउने दलका अध्यक्षले नै न्यायाधीशलाई पार्टीको हित नबिर्सन निर्देशन दिनुले के संकेत गर्दछ ? के जनताभन्दा पार्टी ठूलो हो ? राष्ट्रभन्दा न्यायाधीशहरू ठूला हुन् ? यी तमाम प्रश्नहरूको उत्तर प्रधानन्यायाधीश तथा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र कामु प्रधानन्यायाधीश दामोदर शर्माले जनतालाई दिनै पर्दछ । सर्वोच्च अदालत आफैँले बनाएको न्यायाधीशको आचार संहिता विपरितका कार्य गर्ने न्यायाधीशहरूलाई कारबाही गर्न न्यायपरिषद् किन चाहिरहेको छैन ? के अब न्यायपरिषद्को औचित्य

*बाँकी ५ पेजमा*

# सन्तान सेर्नेहरूले संविधानसभाको चुनाव हुन देलान् र ?



राजन कार्की

संविधानसभा आफ्नै एजेन्डा हो भनेर धक्कु लगाउने एमाओवादी आफैले संविधानसभाको बिघटन गर्नपुग्यो । आफ्नै सन्तान सेर्नेले संविधानसभाको अर्को चुनाव हुन देला र ? यो प्रश्न गम्भीर रूपमा उठेको । बेला बेलामा चाहिदो नचाहिदो बिबाद झिकेको देख्दा यही आशंका मजबुत भएर गएको पनि छ ।

यतिखेर बन्दुकलाई बिसाएर लोकतन्त्रमा विश्वास गरेर प्रतिस्पर्धी राजनीतिक धरातलमा ओर्लेको माओवादी सत्तामात्र होइन, सर्वसत्तावादको शीरमा बिराजमान छ । तैपनि माओवादीहरू जनवाद, जनयुद्ध, सत्ता कब्जा, जनतन्त्रका नारा बगार्न छाडेको छैनन् । लोकतन्त्रमा जनमत सर्बेसर्वा हुन्छ र जनमतको अपहेलना गर्ने व्यवहार त के कुरासम्म लोकतन्त्रवादीले गर्नु राजनीतिक अपराध हो । तर, अतिवादको धङ्धङे उनीहरू त्याग गर्न सकिरहेका छैनन् र अतिवादकै माध्यमबाट स्वार्थशिद्ध हुन्छ भन्ने विश्वास गरिरहेका छन् । लाग्छ, उनीहरू मीठो खानकै लागि लोकतन्त्रको जूठो स्याहारिरहेका छन् । आफ्नो अनुहार र व्यवहारमा अलोकतान्त्रिक देखिएकोमा जूठोपूरा खानेहरूलाई कुनै लज्जाबोध छैन ।

उपाध्यक्ष बाबुराम भट्टराई सत्तामा थिए र प्रचण्ड राजनीतिका नायक । काग्रेस र एमाले प्रतिपक्षीका रूपमा सडकमा थिए । संविधानसभा पनि थियो । सर्वोच्च अदालतले जेठ १४ भित्र संविधान निर्माण गर्ने अन्तिम आदेश दिएको थियो । संविधान निर्माण गर्ने क्रममा यिनै नेताहरू ८० प्रतिशत काम सकिसकेको निरन्तर दावी गरिरहेका थिए । राज्यपुनर्संरचना, संघीयता र शासनपद्धतिका विषयमा कुरा मिलाउने प्रयास भइरहेको थियो । एकाएक २०६८ साल चैतको अन्तिम दिन जनजातिहरूलाई प्रचण्डले एकलजातीय संघीयताको पक्षमा उभिन आदेश दिए । माओवादी र विदेशी ताकतले जनजातिहरूलाई तिनको हक कायम गर्न होइन, मात्र अराजकता फैलाउन एकलजातीय पहिचानसहितका संघीयतामा उतार्ने काम गरे । स्क्याण्डिनेभियनहरू र बेलायतको डीएफआईडीजस्ता विदेशी आइएनजीओहरू धमाधम डलर बर्षाउन थालेका थिए । डलरको बलमा 'बाहुनजति काँशी जा, क्षेत्रीजति फाँसी जा' भन्ने नारा घन्किन थाल्यो । मधेसबाट पहाडी लखेटिदै थिए, मुलुकबाट बाहुन र क्षेत्री सफाया गर्ने अभियानको श्रीगणेश हुन-हुन लागेको थियो । मानौं, नेपाल १९१९ को जलियावाला बाग घटनाको तैयारी गर्दै थियो । इतिहासअनुसार १९१९ मा अंग्रेज कमाण्डर डायरको आदेशमा जलियावाला बाग हत्याकाण्ड भएको थियो । त्यो बिभत्स हत्याकाण्ड भारतले अहिले पनि सम्झदै आँसु झार्छ र श्रद्धाञ्जली दिनेगर्छ । २०६९ सालका सुरूका १४ दिन १२६ जातिको नेपालमा जातजातिको उत्तेजित जुलुसले नेपाल झण्डै-झण्डै जलियावाला बागकोजस्तो बिभत्स हत्याकाण्डमा परिणत भएको थियो । धन्न, आम जनताले जातीय सद्भावको दियो जलाए र खुकुरी निकाला निकाल भइसकेको स्थिति अँध्यारो हुनपाएन । अन्ततोगत्वा नेता प्रचण्ड र प्रधानमन्त्री डा.बाबुराम भट्टराईले बोलाएको संविधानसभाको बैठकसम्म हुन दिएनन् र आधारातमा संविधानसभाको कत्लेआम गरिदिए । संविधानसभा आफ्नै एजेण्डा भएको दावी थियो माओवादीको, आफैले काखमा राखेर बध गरिदिए, ब्याधा हुन लाज मानेनन् । यिनीहरू फेरि संविधानसभाको दोस्रो निर्वाचनको फोस्रो फुइँकी हाँकिरहेका छन् ।

**बन्दुकलाई बिसाएर लोकतन्त्रमा विश्वास गरेर प्रतिस्पर्धी राजनीतिक धरातलमा ओर्लेको माओवादी सत्तामात्र होइन, सर्वसत्तावादको शीरमा बिराजमान छ । तैपनि माओवादीहरू जनवाद, जनयुद्ध, सत्ता कब्जा, जनतन्त्रका नारा बगार्न छाडेको छैनन् । लोकतन्त्रमा जनमत सर्बेसर्वा हुन्छ र जनमतको अपहेलना गर्ने व्यवहार त के कुरासम्म लोकतन्त्रवादीले गर्नु राजनीतिक अपराध हो ।**

०६९ साल जेठ १४ गतेसम्मको यात्राको सुरूआत १९ दिने जनआन्दोलनका सामु राजतन्त्र झुकेको दिनबाट भएको थियो । निरङ्कुशताबाट मुक्ति हुन्छ भनेर आशा देखाइयो र न भूतो, न भविष्यति भनेझैं अपूर्व जनसहभागितामा २०६३ साल वैशाख ११ गतेबाट परिवर्तनका दिनहरू सुरु भए । त्यसको लगत्तै अधिनायकबाद सुरू भएको हो । राजनीतिक दलहरूले राजाका अधिकार कटौति गरे, माओवादीलाई संसदमा एमालेसरहको हैसियत प्रदान गरे, राष्ट्रिय धर्म नै परिवर्तन गरिदिए । २०६४ साल चैत २८ को संविधानसभाको निर्वाचनपछि सबैभन्दा ठूलो दल बन्यो माओवादी । संविधानसभामा ६२ प्रतिशत कम्युनिष्टको हालीमुहाली थियो । भनियो- अव त नयाँ नेपाल बन्छ । थिचिएका, मिचिएका नेपालीले भुक्ति-मुक्ति पाउँछन् । तर संविधानसभाबाट संविधान बनाउन नसकेका नेताहरू संविधानसभाको अर्को निर्वाचन गर्ने भन्न थाले । यो सहमति पनि आम होइन, शीर्ष दलहरूकै सर्बसत्तावादी सहमति थियो । ०७० साल असारमा निर्वाचन गर्ने भनेर राजनीतिक नेतृत्वले अराजनीतिक सरकार निर्माण गरे पनि त्यो सरकारले मंसिरमा पनि निर्वाचन गर्लाजस्तो संकेत देखिएको छैन । प्रधानन्यायाधीशको नेतृत्वको कर्मचारी सरकार किन गठन गरिएछ भन्दा हालै काठमाडौंमा सम्पन्न नेपाल र भारतका गृहसचिवहरूको बैठकबाट स्पष्ट हुनपुगेको छ । सरकार प्रमुख खिलराज रेग्मी त खेताला पो रहेछन् । भारतले नेपालको एकमात्र त्रिभुवन विमानस्थलको अध्यागमन व्यवस्थापनको जिम्मा माग्यो, प्रहरी प्रशासनलाई तालिम दिन्छु भन्यो, खिलराज सरकारले आज्ञाकारी नोकरले झैं हस् पो भनिदियो । नेपालका कुनै पनि एयरपोर्टबाट भित्रबाहिर हुने सुरक्षामामिला अव भारतका लागि उसकै 'नेटवर्किङ'मार्फत सिधै दिल्ली जोडिने छ । मान्यता थियो, चुनावी सरकारले दूरगामी असर पर्ने कुनै पनि निर्णय गर्न मिल्दैन । तर, खिलराज रेग्मीको सरकार सिण्डिकेटको निर्देशन पूर्जाअनुसार जस्तोसुकै निर्णय पनि गरिरहेको छ । कसरी निर्वैचन सम्भव बनाउने भन्नेतिर खिलराज सरकारले पटक्कै ध्यान दिएको छैन । अहिले पनि नेकपा-माओवादीसहितका ३३ दल निर्वाचन भाँडिन्छ भनेर कुर्लिरहेका छन्, तिनलाई कसरी निर्वाचनमुखी बनाउने, निर्वाचनको बिकल्प छैन भनेर बुझाउने भन्नेतिर सरकारको पटक्कै ध्यान गएको छैन । सत्तामा पुगेका शीर्ष दलका मनोनयनमा परेका भाग्यमानी पूर्वसचिवहरू मन्त्री भएपछि उद्घाटन, भाषण गर्नतिर पो लागेका छन् ।

नेपाल सधैं सार्वभौम स्वतन्त्र राष्ट्रको रूपमा रहेको छ । १८१६ को सुगौली सन्धिपछि नेपाल निकै खुम्चिएको अवस्थामा थियो । नेपालले १९२० मा आएर अलिकति उज्यालो दिन देखेको हो । अर्थात १९२० मा ब्रिटिश साम्राज्यले नेपाललाई सार्वभौम स्वतन्त्रताको दर्जाले सम्मानित गरेको थियो । त्यतिबेला नेपालमा चन्द्रशमशेर जबराको जहाँनियाँ शासन थियो । इतिहासका अनुसार १८५७ मे ३१ मा जंगबहादुर राणाले आफ्नै कमाण्डमा ८ हजार फौज लिएर लखनउका नबाबविरूद्ध लडाइँ गर्न गएका रहेछन् । अंग्रेजलाई सघाएबापत बृटिश शासनबाट शासनाधिकार र पश्चिमका बाँके बर्दियालगायतका चार जिल्ला बकससमेत पाएका रहेछन् । यिनै जंगबहादुरले नेपालको सिमानामा जंगे पिलर गाडेका थिए । भएको त्यो नेपाललाई समेत विदेशी अतिक्रमण, संक्रमण र आत्मनिर्णयको संकुचनबाट बचाउन अग्रगामी भनेर नाक फुलाउनेहरूले सकेनन् । यिनीहरू अझै पनि भनिरहेका छन्, संविधानसभाको निर्वाचनपछि भुक्ति र मुक्ति हुन्छ । कसरी निर्वाचन सम्भव छ ? कसरी मुक्ति हुनसक्छ ? शीर्ष दलहरू भन्न सक्दैनन् । निर्वैचन भइहाले पनि संविधान बन्छ भन्ने प्रत्याभूति यिनीहरू दिन सक्दैनन् । किनभने २०६९ साल जेठ १४ अघिको १४ दिने जुन 'जातीय महाभारत, आत्मनिर्णयको माँग, मधेस एक प्रदेश'को मुद्दा ज्यूँका त्यूँ छ । राज्यपुनर्संरचना र राष्ट्रपतीय कि प्रधानमन्त्रीय प्रणाली भन्ने बिबाद कायमै छ । सरकारभन्दा शक्तिशाली बनेर बसेको मुखिया 'सिण्डिकेट' एकदोस्राप्रति आरोप प्रत्यारोपमामात्र सिमित छैन, प्रचण्डले मुखै खोलेर भनिसके- कांग्रेस, एमालेले निर्वैचन हुन नदिने भए, मंसिरमा पनि निर्वाचन हुन्न, कहिले पनि हुन्न । कांग्रेस, एमालेको आरोप छ- एमाओवादी निर्वाचन नै चाहँदैन । निर्वाचनमा जाने सहमति गर्ने तर निर्वाचनका लागि वातावरण धमिल्याउने शीर्ष दलहरू चाहिरहेका छन् के ? अन्यौल बढ्दै गएको छ ।

यो सबै बिग्रेको प्रजातान्त्रिक अनुशासनहीनताले हो । जब २०६३ साल वैशाख ११ गते, जब दलहरू मिलेपछि जे पनि गर्न सकिन्छ भन्ने मनस्थितिको विकास भयो र जनताको सार्वभौमिक अधिकारको दुरूपयोग गर्दै गए, त्यसपछि लोकतन्त्रमा भाँडभैलो मच्चिन पुगेको हो । पछिल्लोपल्ट चारदलको सहमतिलाई राष्ट्रपतिले संविधान संशोधनसमेत गरेर मान्यता दिए, चारदलीय सिण्डिकेट श्री ३ भन्दा कडा तानाशाहीतन्त्र बनेर निस्किएको छ । यो श्री ३ भन्दा कडा श्री ४ को तानाशाही सर्वसत्तावादलाईसमेत माथ गरेर हामीले भनेजस्तो हुन्छ भनेर खिलराजलाई सिंहदरवारमा 'बुख्याँचा' उभ्याएर भूमिगत गिरोहजस्तो शासन गरिरहेको छ । लोकतन्त्रलाई मौजा बनाएर बसी बसी कूत खान पल्केका चारदलीय सिण्डिकेट तानाशाहहरू निर्वाचन नगरेरै फाइदा देखिरहेका छन् भने किन निर्वाचनमा जाने ? किन स्थानीय निर्वाचन गरिरहने ? यिनले लोकतन्त्र र जनताको आवाज उठाइरहेका ३३ दललाई पेलेर अघि बढ्नुको कारण पनि यही हो ।

सम्भवतः नेपालमा अराजकता बढ्ने खतराले आफूलाई पनि खतरा हुनथालेको अनुभव गरेका उत्तर र दक्षिणले आफ्नो सुरक्षा आफै गर्न अग्रसर भएका छन् । चीनले उत्तर सीमा क्षेत्रमा आफ्नो चाख र नेपालमा आफ्नो उपस्थितिको चासोलाई ह्वात्तै बढाएको छ भने भारतले 'सुशीललाई विश्वासको घेराबाहिर फालेर' देउवालाई 'इन' गरेको हुनसक्छ । भारत 'घोडा फेर्ने' मूडमा छ कि भन्ने संकेत सोनिया गान्धीलेसमेत बेमौसममा देउवालाई ठूलो महत्वका साथ दर्शन दिनुबाट बुझ्न सकिन्छ । अझै पनि श्री ४ लाई चेतना छ भने धोका दिने चरित्र सुधारेर इतिहास निर्माण गर्ने मौका छ ।

# Indian Atrocities on Kashmiris warrant International Focus

■ ***Osman Khan***

Afzal Guru, a Kashmiri citizen, was hanged in Delhi's Tihar jail on 9th of February this year. His crime being his innocence presence in the precinct of crime scene on the day of attack on Indian Parliament building. The abrupt hanging of Afzal Guru without giving him a chance to exercise his right to approach Indian Supreme Court against the rejection of his mercy plea by the Indian president, reflect Indian civil and military establishment's inhuman approach towards Kashmiri people and their basic rights. Afzal Guru's death reminded Maqbool Bhat's abrupt hanging, the Kashmiri leader who too was hanged in controversial circumstances in the same month of the year 1984. However, the resolve of Kashmiris to struggle against Indian occupation and exercise their right of self determination only gets firmer with each episode of Indian brutality. India has virtually declared war on Kashmiris. There is not a single Kashmiri family that is not, either directly or indirectly, a victim of the India's State sponsored violence in Kashmir.

The recent report of 'Tribunal for Human Rights and Justice in Indian -administered Kashmir and the Association of Parents of Disappeared Persons - 2012' exposes India's hollow claims of being a secular and democratic nation having a responsible and a professional army. The report was prepared over a period of two years by these two notable human rights organizations based in the Kashmir valley. The unearthing of 6000 mass Kashmiri graves in the valley followed by verification of other cases of Indian atrocities on innocent Kashmiris has put a big question mark on secular democratic India.

The report has identified around 500 perpetrators in 214 cases of violence committed against the Kashmiris in the Valley. Amongst those 235 from the Indian army, 123 from paramilitary forces, 111 from Jammu and Kashmir Police and 31 from government personnel have been identified as having supported militants' in their activities. Conspicuous amongst the Indian army perpetrators are two major generals, three brigadiers and ninety other officers ranging from Colonels to captains of the Indian army. Besides these, the other perpetrators identified were 37 senior officials of paramilitary forces, a former and a serving DG of J&K Police. The report also confirms that political and judicial impunity for the civil and military agencies deployed in the valley has resulted in 8000 forced disappearances and 7000 deaths at the hands of Indian armed forces.

The authors of the report have compiled their report from information documented in various court cases, official documents of the Indian government and the state-run agencies in the valley. Ironically, documents in the possession of the State themselves indict the Indian armed forces, paramilitary forces and the police with strong and convincing evidence of their respective roles. The official documents highlight that the impunity fostered by the judicial process has been compounded by the existence of draconian laws in the Kashmir Valley such as Armed Forces Special Powers Act, 1990. The official documents also point towards the fact that India has been traditionally obstructing justice for Kashmiris by willfully dismissing allegations of killings and other violent crimes committed against the personnel of its armed forces.

The fact that the Indian government does not want to address human rights issues in Jammu and Kashmir is reflected from its inaction over a report on unearthing of mass graves in three different parts of the Valley submitted to the State Human Rights Commission on 13th August 2012 by Home Department of J&K. The State also refused to conduct DNA tests of the dead bodies with a plea that in the whole country there are only 15-16 laboratories that can conduct the relevant tests but they will not be able to handle such a huge work load. This unwillingness of the Indian government to proceed ahead with the case of unearthing of mass graves and identify the perpetrators needs a focused attention of the world community. Despite the fact that the available official government documentation do indict the perpetrators in the killings and criminal violence unleashed by the Indian armed forces in the Valley, the Indian government is not permitting prosecution of the members of the armed forces citing the impunity granted to military personnel in Kashmir through Armed Forces Special Powers Act, 1990 (AFSPA). Its refusal to allow the prosecution indicates that the Indian State and its agencies have a direct role in the commission of crimes against the Kashmiri nationals. The mention of official designations of the Indian army personnel in the Tribunal's report for crimes committed by them in the Kashmir Valley and the Indian government's willful resistance to allow their prosecution also indicate Indian government's involvement in these crimes.

In view of India's intransigence on prosecuting the perpetrators of crimes against Kashmiri nationals, there is a moral obligation on the international community to debate the issue in the United Nations Forum and move the security council to punish the Indian military perpetrators of crimes in Kashmir through international criminal courts or military tribunals to put aside general perceptions that it adopts a select approach when it comes to human rights violations in different parts of the world. Whereas, it castigates other countries for alleged human rights violations like China, it must also take on India where the magnitude of human rights violation in occupied Kashmir sometimes crosses the limits of shame.

## अवैध सामान बरामद

झापा । झापाको केचना-३ बाट एपीएफ टोलीले करीब एक लाख ४९ हजार रूपैयाँ बराबरको विभिन्न किसिमको चोरीपैठारीको सामान बरामद गरेको छ । भारतबाट अवैध रूपमा भन्सार छली ल्याइएको लत्ताकपडा, किराना सामान, चप्पल तथा छाता लगाएतको सामान एपीएफ टोलीले वेवारिसे अवस्थामा फेला पारेको थियो । सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय झापाबाट खटिएको एपीएफ टोलीले उक्त सामान बरामद गरेको हो । बरामद सामान आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ ।

त्यसैगरी सशस्त्र प्रहरी बल सुरक्षा बेस गंगापुर, बाँकेबाट गस्तीमा खटिएको टोली र स्थानीय प्रहरीले गंगापुर-७ जमुनीबाट करीब साँढे पाँच केजी चरेश बरामद गरेको छ । विक्रम तिवारीको घरको आँगनमा रहेको गहुँको भूसभित्र लुकाई राखेको अवस्थामा एपीएफ टोलीले चरेश फेला पारेको हो । चरेश भेटिएपछि उक्त चरेश लुकाई राखेको आशंकामा निज तिवारी र अर्का एक जना तिखत मुरारीलाई समेत पक्राउ गरिएको छ । निजहरू दुवै जनालाई बरामद चरेशसहित आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय भगवानपुरमा बुझाइएको छ ।

"Centrally Located For Your Convenience"

"JUST SIT BACK & AWAIT THE SAFE ARRIVAL OF YOUR GOODS WITHOUT ANY WORRY"

OUR SERVICE INCLUDES

- Advice on price and reliable manufacture for the purchase of Garments, Carpets. Handicrafts ets.
- Receiving and handling orders and paying manufacturers during your absence
- Collection and careful packing of your goods.
- All paper work, document ation, customs clearance and delivery of goods.to the airport.
- References available wordwide

Ritual Freight P. Ltd.

Thamel, P.O. Box : 10344, Kathmandu, Nepal

Tel : 4251942/4253842, Fax : 977-1-4251842

Email : dilli@rfl.wlink.com.np

# मातृ स्वास्थ्यसेवा प्राप्त गर्न आमाहरूलाई कठिनाइ

■ स्टेला पल

भारत। भारतको पूर्वोत्तर राज्य मेघालयको सानो हल्दियागन्ज गाउँकी १७-वर्षीया इन्जुआरा बेगम घरमै जन्मिएको आ'नो तीन वर्षीय छोराको हेरचाह गरिरहेकी छिन्। उनले आजसम्म सरकारले ल्याएको स्वास्थ्य कार्यक्रम जनै सुरक्षा योजना (जेएसवाई) का बारेमा सुनेकै छैनन्। यो योजना अन्तर्गत सरकारी अस्पतालमा बच्चा जन्माउने प्रत्येक आमाले निःशुल्क औषधि, प्रसूती सेवा तथा गर्भवती महिलाले ३० डलर नगद प्राप्त गर्छन्।

"सीमान्तकृत समुदायरूमा चाँडो विवाह नै केटीहरूलाई शारीरिक खतराबाट बचाउने एकमात्र उपाय हो," ममथा रघुवीरले बताइन्। कानुनले १८ वर्षभन्दा कम उमेरमा विवाह गर्नु गैरकानुनी हुने बताए पनि उनलाई त्यसबारेमा थाहा छैन। "मेरा बाबुआमाले म १४ वर्षकै हुँदा विवाहको चाँजोपाँजो मिलाएका हुन्," विस्तारै उनले आईपीएसलाई भनिन्। सानै उमेरमा बच्चा जन्माएका कारण उनको शारीरिक अवस्था निकै कमजोर पनि छ।

इन्जुआरा गरिब मुस्लिम परिवारकी हुन्। उनको परिवार सन् १९८० मा बंगलादेशबाट बसाइ सरेर यहाँ आएको हो। इँटाभट्टामा मजदूर काम गर्ने उनका बुबाले छोरीको चाँडो विवाह गर्नु रहरभन्दा आ'नो बाध्यता रहेको बताए। सीमावर्ती यो क्षेत्रमा अरू कुनै अवसर नभएका कारण छोरीको भविष्य नै विवाह रहेको उनको भनाइ छ।

इन्जुआराको कथा भारतमा केटीहरूका निम्ति निकै चिन्ताजनक अवस्थाको एउटा झलक मात्र हो। सन् २०१२ को संयुक्त राष्ट्रसङ्घ बालकोष (युनिसे') को प्रतिवेदन अनुसार अठार वर्ष पुग्नुअघि नै आमा बन्ने महिला २२ प्रतिशत रहेका छन्। अनुसन्धानहरूले ७० प्रतिशतभन्दा बढी यी बाल आमाहरू दलित र अन्य आदिवासीजस्ता सीमान्तकृत समुदायका छन्। यो समुदाय र शरणार्थीले भारतको कूल जनसंख्या १ अर्ब २४ करोडको २४ प्रतिशत स्थान ओगटेका छन्। यही समुदायले आर्थिक अवसरमा ज्यादै कम मौका पाइरहेका हुन्छन्।

विज्ञहरूको भनाइमा स्वास्थ्य सेवाको पहुँच र सचेतनाको अभावका कारण समस्यालाई अझ बढाएको छ। स्वास्थ्य सेवामा सीमान्तकृत महिलाको वहिस्करणले भारतको सहस्राब्दी विकास लक्ष्यमाथि नै प्रश्न उब्जाइरहेको छ। युएनए'पिएका अनुसार भारतमा सन् २०१० मा रहेको ५६,००० मातृमृत्युको २५ प्रतिशत सीमान्तकृत समुदायमै भएको थियो।

हल्दियागन्ज जनस्वास्थ्य केन्द्रका प्रमुख डीसी सरकारले पहिलो बच्चा जन्माउने अधिकांश आमाहरू १८ वर्षभन्दा कमै उमेरका रहेको आईपीएसलाई बताए। "तीमध्ये झण्डै ७० प्रतिशतमा रक्तकोषको मात्रा ज्यादै न्यून र कमजोर रहेको पाइएको छ," उनले भने। रक्तअल्पता र कमजोरीका कारण चाँडो प्रसूती र बच्चा खेर जाने समस्या रहन्छ।

प्रसूती-सम्बन्धित उपचारका निम्ति आ'नो केन्द्रको अवस्था कमजोर रहेकाले उनी प्रायःजसो बिरामीलाई जिल्ला अस्पताल लैजान सल्लाह दिन्छन्। तर यो कार्य त्यति काम लागेन, किनभने गाउँका अधिकांश मानिससँग अस्पतालको शुल्क बुझाउने क्षमता नै हुँदैन। पूर्वोत्तर क्षेत्रका अग्रणी स्त्रीरोग विशेषज्ञ सुनिल धर भन्छन्, ७० प्रतिशत बिरामी अल्पसंख्यक समुदायका र २० वर्षभन्दा कम उमेरका हुने गरेका छन्।

सीमावर्ती राज्य त्रिपुरामा ५० वर्षको स्वास्थ्य उपचारमा संलग्न रहेका धरले आईपीएसलाई बताए: "मसँग उपचार गराउन आउने ५० प्रतिशतभन्दा बढी बिरामी १४ र १५ वर्षकै हुने गरेका छन्। गर्भ जाँच गराउन आउने क्रममा वयस्क महिला साथमै आउने गर्छन् तर गर्भवतीले आ'ना कुरा प्रायः भन्नै पाउँदैनन्।" यी महिलाहरू जन्डिस लागेको वा खुट्टा सुन्निएको अवस्थामा आएका हुन्छन्। उनी कमजोर स्वास्थ्य र चाँडो विवाहलाई शरणार्थी समुदायको सामाजिक-आर्थिक अवस्थासँग तुलना गर्न चाहन्छन्। यो क्षेत्रमा बंगलादेशको रक्तपातपूर्ण स्वतन्त्रता युद्धका क्रममा सन् १९७० मा भागेर आएका २० लाखभन्दा बढी शरणार्थी बसोबास गर्छन्।

सन् १९९० को दशकमा पनि म्यान्मार र बंगलादेशको चटगाउँको पहाडी जिल्लाबाट शरणार्थीहरू यहाँ आएका थिए। अस्थायी शिविरमा बस्न विवश यी मानिसहरू उपचारका लागि अस्पताल पुग्ने आशा गर्न सकिन्न, बरू अस्पतालचाहिँ यी मानिसको सेवामा पुग्नुपर्ने हो, धरको भनाइ छ।

अझ दक्षिणर्त', छत्तीसगढ राज्यको गोन्ड आदिवासी समुदायकी खेमवन्ती प्रधान भन्छिन्, मेरो विवाह १५ वर्षकै उमेरमा भएको हो र त्यसलगत्तै म गर्भवती भएँ। द्वन्द्वप्रभावित बस्तार क्षेत्रको सिन्दुरीमेता गाउँकी यी महिलाले घरमै जबर्जस्ती बच्चा जन्माउनु परेको थियो किनभने प्रसव पीडा भएको रातीको समयमा सबैभन्दा नजिकको स्वास्थ्य केन्द्र पनि बन्द थियो। "मेरी सासुले बच्चाको सालनाल काटिदिएकी थिइन्," उनले बताइन्। यहाँका अधिकांश मानिस सरकारविरूद्ध जारी माओवादी विद्रोहका कारण दोहोरो चेपुवामा पर्ने डरले घरभित्रै बस्न रूचाउँछन्।

प्रधानलाई सरकारको जेएसवाई स्वास्थ्य कार्यक्रमका बारेमा राम्रैसँग थाहा पाए पनि हिंसाका कारण उनले त्यो सेवा हासिल गर्न बन्चित भइन्। "चिकित्सक र नर्सले साँझ परेपछि काम गर्दैनन् किनभने उनीहरू माओवादीबाट निकै भयभित हुन्छन्। साँझ चार बजेपछि यातायातको सुविधा उपलब्ध हुँदैन। यदि हाम्रा मान्छे कार वा चिकित्सक खोज्न बाहिर निस्किए सैनिकहरूले उनीहरूमाथि आतंकवादी हो कि भन्ने शंका गर्दछ र सोधपुछका लागि पक्राउ गर्दछ," उनले गुनासो गरिन्।

युनिसे'का अनुसार आन्ध्र प्रदेशको वाराङ्गल जिल्लाका ५२ प्रतिशतभन्दा बढी केटीहरूले १९ वर्षभन्दा कम उमेरमै विवाह गर्दछन्। विज्ञहरूको भनाइमा यो प्रवृत्तिमा नियन्त्रण गर्ने हो भने उनीहरूमै लक्षित गरी विशेष कार्यक्रम ल्याइनु पर्दछ।

यहाँ, "तरूनी" नामको गैससले जोखिमयुक्त समुदायका किशोरीहरू जस्तै आप्रवासी श्रमिक, भूमिहीन कृषक र 'रिन्ते आदिवासीका बालबच्चालाई तालिम दिन्छ। उनीहरूलाई बालविवाह विरोधी अभियानकर्ताकै रूपमा तयार पार्ने तरूनी संस्थाको उद्देश्य रहेको छ। बितेका पाँच वर्षमा यो संस्थाले जिल्लामा ५६ वटा त्यस्तै विवाहलाई सम्पन्न हुनबाट रोकेको थियो।

तैपनि, हरेक वर्ष सयौं केटीको विवाह चाँडै हुने गरेको छ किनभने विद्यमान कानुनले उनीहरूका समस्यालाई ध्यान दिइरहेको छैन, तरूनी संस्थाकी प्रमुख ममता रघुवीर भन्छिन्। "बालविवाह निषेध ऐनका अनुसार बालविवाहको योजना बनाउने वा बालविवाह गर्नेमाथि २,००० डलरसम्मको जरीवाना र बढीमा दुई वर्षसम्मको जेलसजाय हुन सक्छ।"

यो कानुन मूलधारको समुदायमा प्रभावकारी देखिए पनि सीमान्तकृत समुदायका खासखास समस्यालाई सम्बोधन गर्नेर्त' त्यति सक्षम भएको छैन। आर्थिक र राजनीतिक तहमा समस्या भोगिरहेका तथा बलात्कार र यौन दुर्व्यवहार प्रशस्त भइरहेका क्षेत्रका मानिसका निम्ति केटीहरूको शारीरिक सुरक्षालाई सुनिश्चित गर्ने एउटै मात्र उपाय चाँडो विवाह हो। अविवाहित किशोरीहरू जोखिमको उच्च खतरामा परिरहन्छन्, उनीहरू नै अपहरणमा पर्ने र वेश्यालयमा बेचिने खतरा बढी हुन्छ। "यी मानिससम्म पुग्ने किसिमको नीति हामीलाई अहिले निकै जरूरी छ," रघुवीरले जोड दिँदै बताइन्।

त्रिपुरामा होमियोप्याथीका स्थानीय अभ्यासकर्ता तथा स्कुलका शिक्षक स्वपन देबनाथका अनुसार भारतको आप्रवासीविरोधी वातावरणले पनि चाँडो विवाहप्रति धेरै परिवारलाई उत्प्रेरित गरिरहेको हो। उनको भनाइमा चाँडो विवाह गरे उनीहरू आ'नै देश 'र्कनु पर्दैन। त्यहीकारण, मातृ मृत्युमा सुधार ल्याउने नीतिहरूसँगै हिंसा र आप्रवासन दुवै विषयलाई विशेष ध्यान दिइनु पर्दछ। साथै, बालविवाह र चाँडो गर्भ रोक्ने समेतका समाधानर्त' पहल थालिनु उपयुक्त हुन्छ।

देबनाथको आशा छ कि अन्तर्राष्ट्रिय समुदायले यस्ता एकीकृत रणनीतिहरू निर्माण गर्नका निम्ति प्रयासहरू गर्नेछन्। अहिले त, इन्जुआरा निकै खुसी छिन् किनभने उनका पति जाकिर मोहम्मदले अर्को बच्चा जन्माउनेर्त' खासै महत्व दिइरहेका छैनन्। परिवार नियोजनका साधनको प्रयोग र गर्भपतन दुवै पाप ठान्ने गरिएकाले उनका पति बरू यौनसम्बन्ध नै नराख्ने सोचमा छन्। "म खुसी छु," उनी भन्छिन्, "किनभने पतिले मेरो समस्या बुझेका छन्।"

(आई.पी.एस्./एन्.पी.आई.)

## नकेपा-माओवादीले...

समाप्त भएको हो त ?

चार दलीय सिन्डिकेटकै कारण खिलराज रेग्मी सरकार चार दलको दिर्नेशनको पालक मात्र भएको छ। अब चार दलको निर्देशनबाहेक उसले सिन्कोसम्म भाँच्न सक्ने अवस्था छैन। बहालवाला प्रधानन्यायाधीश नै सरकार प्रमुख भएको बेला उनले जारी गरेको निर्वाचन सम्बन्धी अध्यादेश पनि विवादको घेरामा परेको छ। अब निर्वाचनमा उम्मेदवार हुनको लागि जस्तोसुकै अपराध गरेपनि उसले निर्वाचनमा उम्मेदवार हुन पाउने भएको छ। राजधानीलगायतका विभिन्न ठाउँमा अहिले सुन व्यापारीहरूले जनतालाई ठग्न पाउनु पर्छ भन्दै आ-आफ्नो पसल बन्द गरेका छन्। केही समय पहिला ग्याँस कम्पनी र उद्योगीहरूले ग्याँसमा ठगी गर्न पाउनु पर्छ भन्दै ग्याँस करोबार बन्द गरे, के अब भोली भ्रष्टाचारी र ज्यानमाराहरूले समेत हामीले भ्रष्टाचार गर्न र ज्यान मार्न पाउनु पर्छ भन्दै बन्द, हड्ताल गरेमा उनीहरूको माग पुरा गर्ने त ? विश्वका कुनै पनि प्रजातान्त्रिक मुलुकहरूमा निर्वाचनमा उम्मेदवार हुनका लागि विभिन्न प्रावधानहरू राखिएका हुन्छन्, तर यहाँ भने ति सबै प्रावधानहरू राखिनु पर्ने मागलाई अस्वीकार गर्दै रेग्मी सरकारले निर्वाचन सम्बन्धी अध्यादेश जारी गरेको हुनाले अब हाम्रो राजनीतिमा अपराधीकरण हुने प्रायः निश्चित भएको छ। जबसम्म राजनीतिलाई अपराधीकरण हुनबाट जोगाउन सकिँदैन तबसम्म जनताले न्यायलगायत केही कुराम पनि पाउन सक्ने अवस्था नै रहँदैन भन्ने सत्य वास्तविकतालाई हाम्रै छिमेकी मुलुक भारतको विहारको विगत १० वर्षे इतिहासलाई हेरे प्रष्ट हुन्छ।

अहिले मुलुक वर्षायामको आतंकले पीडित भएको छ। करोडौं करोडको क्षति भएको छ। हजारौं व्यक्तिहरू घरबार बिहीन अवस्थामा पुगेका छन्। पश्चिम नेपालदेखि पूर्वीपहाडसम्म वर्षाले आतंक नै मच्चाइरहेका बेला राजनीतिक दलहरू भने कानमा तेल हालेर राजनीतिक खिचातानी र कसरी आफ्नो पार्टी दोस्रो संविधानसभाको निर्वाचनमा ठूलो पार्टी बन्ने भन्ने तानावाना बुन्न लागि परेका छन्। के नागरिकको जिउज्यानभन्दा निर्वाचन ठूलो हो त ? सयौँ वर्षको रेकर्ड तोड्दै वर्षाले आतंक नै मच्चाइ रहेका बेला सरकार भने सिंहदरबारमा चार दलीय सिन्डिकेटको आदेश पर्खेर बसेको छ। सरकारको दायित्व र कर्तव्य के हो भन्ने हेक्का राख्न नसक्ने सरकारको औचित्य के ? आफ्ना नागरिकको जिउज्यान र धनमालको सुरक्षा गर्ने दायित्व सरकारको हो कि होइन ? यदि हो भने सरकारले किन जनताको जिउज्यान र धनमालको सुरक्षामा चासो देखाउन सकेन। पछिल्लो समयमा नेपाली जनताले सरकार भएको महसूस नै गर्न सकेका छैनन्। राष्ट्रपति छन्, उपराष्ट्रपति छन्, मन्त्रिपरिषद् अध्यक्ष छन्, मन्त्रीहरू छन्, तर ति सबै नेपाली जनताका लागि बोझ बाहेक अन्य केही हुन सकेका छैनन्। सिंहदरबारभित्र बसेर षड्यन्त्रका तानावाना बुन्न र कसरी कमाउने भन्नेमा सरकार तल्लिन रहेको र राजनीतिक दलहरू पनि कसरी अर्को दललाई पाखा लगाउने भन्नेमा मात्र तल्लीन रहेका हुनाले नेपाली जनताले भन्नै पर्दछ, जुन जोगी आएपनि कानै चिरेको। रेग्मी सरकार गठन हुँदा नेपाली जनताले अब दलगत स्वार्थबाट माथि उठेर सरकारले काम गर्ने आशा एवं विशवास लिएका थिए। तर रेग्मी सरकार गठन भएको झण्डै साढे तीन महिनाभित्रमा जनताका ति आशा एवं विश्वासहरू पानीको फोका फुटे सरह फुटेर गएका छन्।

लोकतन्त्रको विकल्प भनेको लोकतन्त्र नै हो। त्यसैले लोकतन्त्रमा विरोध गर्ने अधिकार सुरक्षित रहनु पर्दछ। यो विश्वव्यापी मान्यता पनि हो। तर यहाँ भने विरोध गऱ्यो भन्दैमा उसलाई पाखा लगाउने तानावाना बुन्न थालिएको छ। त्यसरी तानावाना बुन्नेहरूका नाइके भनेका एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल नै हुन्। दाहाल नेकपा-माओवादीले निर्वाचनमा भाग नलिए पनि कुनै असर नपर्ने उद्घोष गरिरहेका छन्। उनको पछि लाग्दै नेकपा एमालेका उपाध्यक्ष बामदेव गौतमसमेतले त्यस्तै उद्घोष गरेका हुनाले सहमतिको वातावरण बिगार्न एकीकृत नेकपा माओवादी र नेकपा एमालेका केही नेताहरू उद्दत रहेको हुनाले मंसिर ४ गते हुने घोषणा गरिएको संविधानसभाको दोस्रो निर्वाचन नहुने अवस्थामा पुगेको छ। निर्वाचन आयोगले जतिसुकै चुरीफुरी गरेपनि नेकपा-माओवादीलगायतका अन्य सडकमा गएका दलहरूको सहयोग र समर्थन विना निर्वाचनको डंक पिट्नु हुटिट्याउँले आकाश थाम्छु भन्नु सरह मात्र हुनेछ।

devendrachudal@gmail.com

# पीडित छन् सासूहरू पनि

■ **यशोदा अधिकारी**

'कुट्दाकुट्दै रगत बगेको देखेर बुहारी डरले भागी र बाँचें,' उपचारका क्रममा राजधानीमा रहेकी रामेछाप सुनारपानीकी ७० वर्षीया मसिना सार्कीले आफ्नो पीडा सुनाइन् । गत पुसको अन्त्यतिर उनी बुहारी टीकाबाट कुटिएकी हुन् । साँझ घरमा सुतिरहेको अवस्थामा बुहारीले बन्चरो प्रहार गर्दा उनको टाउकोमा गम्भीर चोट लागेको छ । र, एउटा हात भाँचिएको छ । तर, गरिबीका कारण उनको उपचारमा समेत समस्या देखिएको तामाकोसी सहकारी अस्पतालका निर्देशक डा. सुमन कर्माचार्यले बताए । रामेछापकी मसिनाको जस्तै पीडा काठमाडौंकी सरस्वती थापाको पनि छ । गत मङ्सिर १६ गते नयाँबानेश्वरनिवासी ८९ वर्षीया सरस्वती थापालाई कान्छी बुहारी विमलाले अनामनगरमा ल्याएर छोडिदिइन् । दिउँसो १२ बजेको मध्यघाममा सिंहदरबारको पेटीमा बोल्नसम्म पनि नसक्ने सासूलाई आफैंले चलाएको निजी कारबाट ओराल्दा सबैले अनुमान गरेका थिए, उनलाई उपचारका लागि ल्याइएको होला भनेर । तर, ती वृद्धालाई बाटोमै अलपत्र छोडिदिएर उनकी बुहारी फर्किन् । पछि अनामनगर पोलिक्लिनिकमा काम गर्ने एक महिलाले उनलाई औषधि र जुस खुवाएपछि ती वृद्धा बोलिन्, 'कान्छो छोराले पाल्छु भनेर मेरो भागको सम्पत्ति खायो । आज मेरो यस्तो अवस्था भयो ।' यसपछि उनको वास्तविकता सबैले थाहा पाए । ती वृद्धाकी बुहारी एउटा स्कुलमा पढाउने शिक्षिका रहेको खुलेको छ । वृद्धाले आँखाबाट आँसु झार्दै यसो भनेपछि जम्मा भएकामध्येकै कसैले दिलशोभालाई फोन गरिदियो । पोलिक्लिनिकनजिकै फलफूल पसल चलाउने एउटी महिलाले वृद्धालाई ट्याक्सीमा राखेर आमाघर पुऱ्याइन् । आफ्नो नाममा रहेको सम्पत्ति पनि छोराको नाममा गरिदिएपछि उनी अहिले आमाघरको सहारामा छिन् ।

त्यस्तै, नुवाकोट घर भई काठमाडौं गोंगबु बस्दै आएकी ६० वर्षीया मिश्री सिलवाल पनि यस्तै घटनाको पीडित हुन् । जेठो छोराले बुहारी ल्याएदेखि नै पीडा सुरु भएको उनको भनाइ छ । उनलाई बुहारी पार्वतीले मात्रै होइन, बुहारीका माइतीले समेत आएर धम्क्याउने र बोक्सीको आरोप लगाउने गरिरहेको उनी बताउँछिन् । बुढेसकालमा एक्लै बस्नुपरेको दुःख पोख्दै मिश्री भन्छिन्, 'समयमा खाना नपकाएको भनेर पार्वतीले कूचोले हानी, बुहारी ल्याएर सुख होला भनेको त दुःखको दिन पो आए ।'

उमेर ढल्दै गएपछि शारीरिक अवस्था अत्यन्तै कमजोर हुने हुँदा वृद्धाहरू आफूमाथि भएको हिंसाबारे कसैलाई भन्न चाहँदैनन् । बुहारीले आफूमाथि हिंसा गरेको भन्दै उजुर गर्ने अवस्था पनि हुँदैन । नयाँ पुस्ताका बुहारी पढेलेखेका हुनु, कामकाजी हुनु तर सासूहरूले रुढीवादी परम्परा र पुराना चलनमा विश्वास गर्दा उनीहरूबीच समस्या उत्पन्न भएको छ ।

त्यस्तै कहानी छ काभ्रेकी मिठु दमाईंको पनि । अहिले उनको गुजारा मागेर चलिरहेको छ । दैनिक काठमाडौंस्थित नयाँसडकको जुद्धसालिकअगाडि माग्ने गर्छिन् । जाडो होस् या गर्मी, एकसरो लुगाको भरमा बिहानदेखि बेलुकासम्म बाटोमा बस्दा चालीस/पचास रुपैयाँ जम्मा हुन्छ । सुरुमा उनको पारिवारिक अवस्था अत्यन्तै राम्रो थियो । श्रीमान्‌को मृत्युपछि छोराहरू काठमाडौं आएर बस्न थाले । सकिन्जेल त उनले गाउँमै काम गरिन् । शारीरिक रूपमा कमजोर भएपछि बाध्य भएर उनी छोरासँग राजधानी पसेकी हुन् । विवाहअघि उनलाई छोराले राम्रैसँग हेरविचार गरेको थियो । तर, छोराको विवाह भएपछि बुहारीसँग कुरा मिल्न सकेन । विगत सम्झँदै उनी भन्छिन्, 'सुरुमा त जे भने पनि सहेर बस्थें, पछि अति नै भएपछि म पनि कराउन थालें । म बूढीले गर्दा छोराबुहारीको नराम्रो हुनेजस्तो लाग्यो घर छोडर आएँ ।' गाउँमा भएको जग्गाजमिन बेचेर उनको छोराले काठमाडौंको स्वयम्भूमा तीनतले घर किनेको छ । बुढेसकालको सहारा, छोराको काठमाडौंमा आफ्नै घर भए पनि उनी खुला आकाशमुनि रात कटाउन बाध्य छिन् ।

**उमेर ढल्दै गएपछि शारीरिक अवस्था अत्यन्तै कमजोर हुने हुँदा वृद्धाहरू आफूमाथि भएको हिंसाबारे कसैलाई भन्न चाहँदैनन् । बुहारीले आफूमाथि हिंसा गरेको भन्दै उजुर गर्ने अवस्था पनि हुँदैन । नयाँ पुस्ताका बुहारी पढेलेखेका हुनु, कामकाजी हुनु तर सासूहरूले रुढीवादी परम्परा र पुराना चलनमा विश्वास गर्दा उनीहरूबीच समस्या उत्पन्न भएको छ ।**

'कहिले सासूको पालो कहिले बुहारीको' भनेजस्तै पहिला-पहिला सासूबाट बुहारी पीडित हुने गर्थे । तर, अहिले बुहारीबाट सासूहरू पीडित हुने क्रम पनि बढ्दो छ । माथि उल्लेख गरिएका हिंसाका घटना प्रतिनिधि मात्रै हुन् । पछिल्लो समयमा बुहारीले सासूमाथि दिने शारीरिक, मानसिक यातनाका घटना बाक्लिएका छन् । तर, त्यस्ता घटना बाहिर आउँदैनन् । पुरानो संस्कारमा सासू घरको हर्ताकर्ता हुने हुँदा बुहारी पीडित हुने गर्दथे । ज्येष्ठ नागरिकको अधिकारका लागि कार्यरत कमला पराजुली भन्छिन्, 'पहिलाका बुहारीको हातमा साधन र स्रोत हुँदैनथ्यो । अहिलेका बुहारीहरू कामकाजी हुने र आम्दानी पनि हुन थालेपछि सासूहरू पीडित हुने क्रम पनि बढेको हो ।' बुहारी भनेको छोरीजस्तै हो भनेर सासूहरूले बुझ्न र बुहारीले पनि सासू जन्म दिने आमाजस्तै हुन् भनेर बुझ्न नसकेको पराजुलीको ठम्याइ छ । रुढीवादी परम्परामा हुर्केका सासूहरू र नयाँ पुस्ताका बुहारीबीच बुझाइमा समस्या आउँदा पनि परिवारमा समस्या आएको छ । कास्कीकी राधा मैनाली सुत्केरी हुँदा सासूले बच्चा र आफूलाई नछोएको निहुँमा श्रीमान्‌सहित अलग भएर बसिन् । पुरानो संस्कार र संस्कृतिले नयाँ पुस्ता र पुरानो पुस्ताबीचमा खाडल पैदा भएको मनोविज्ञ शर्मिला ठाकुरको ठहर छ । उनी भन्छिन्, 'पहिलापहिलाका मान्छेमा शिक्षाको अभाव थियो । उनीहरू रुढीवादी चलनअनुसार चल्थे । तर, अहिले समाजमा परिवर्तन भइरहेका छन् । युवा पुस्ता संस्कारका नाममा हुने रुढीवादी पराम्परा मान्न चाहँदैन । तर, यस्ता कुरा बुझ्ने र बुझाउनेबीचमा भने निकै ठूलो खाडल पैदा भएको छ ।' ठाकुरका अनुसार दुई पुस्ताबीचको बुझाइअन्तरका कारण पनि हिंसा हुने गरेको छ ।

त्यसो त उमेर ढल्दै गएपछि शारीरिक अवस्था अत्यन्तै कमजोर हुने हुँदा वृद्धाहरू आफूमाथि भएको हिंसाबारे कसैलाई भन्न चाहँदैनन् । बुहारीले आफूमाथि हिंसा गरेको भन्दै उजुर गर्ने अवस्था पनि हुँदैन । नयाँ पुस्ताका बुहारी पढेलेखेका हुनु, कामकाजी हुनु तर सासूहरूले रुढीवादी परम्परा र पुराना चलनमा विश्वास गर्दा उनीहरूबीच समस्या उत्पन्न भएको छ । ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ ले ६० वर्ष उमेर पुगेको नेपाली नागरिकलाई वृद्ध मानेको छ ।

सासू र बुहारीबीचको सम्बन्ध सुमधुर बनाउन सासूहरूले बुहारी छोरीजस्तै हो भनेर बुझ्नुपर्छ र बुहारीहरूले पनि सासू आमाजस्तै हो भन्ने बुझ्नु जरुरी छ । छोराबुहारी वृद्धा अवस्थाका आमाहरूका लागि बुढेसकालको सहारा हुन् । उनीहरूको भावना बुझ्न सके उनीहरूले बुहारीप्रति राम्रो व्यवहार गर्न सक्छन् ।

*संचारिका फिचर सेवा*

# कहिले रोकिन्छ गोर्खा भर्ती ?

*रोशन*

गोर्खा भर्तीबारे गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)का अध्यक्ष पदमबहादुर गुरुङको भनाइले गोर्खा भर्ती सम्मान कि बेइजत भन्ने प्रश्न उठाएको छ । गोर्खा भर्तीले आत्मसम्मान, स्वाभिमान र राष्ट्रिय एकतामा समेत आँच पुऱ्यायो, देश बर्बाद बनायो भनेर दावी गर्ने विद्वान र राजनीतिक नेताहरू जब पद र सरकारमा पुग्छन्, तब गोर्खा भर्तीबारे बोल्दै बोल्दैनन् । गोर्खा भर्ती बन्द गर्नुपर्छ भन्नेहरूको आवाज फेरि उठेको छ तर, गोर्खें भर्ती खुल्दा छाती नाप्न जाने युवाहरूको भीड कम भएको छैन । खासगरी गेसो र पूर्व गोर्खा सैनिकसमेत 'बेलायती र गोर्खा सैनिकलाई गरिने व्यवहारमा एकरूपता नरहेको हुँदा' गोर्खा भर्ती बन्द गर्नुपर्ने आवाज उठाउने गर्छन् । मिलिजुली गुरुङ समाजले गत साता गरेको एउटा कार्यक्रममा पनि यस्तै आवाज उठाइयो । यही कार्यक्रममा गोर्खा भूतपूर्व सैनिक संघ (गेसो)का अध्यक्ष पदमबहादुर गुरुङले गोर्खा भर्तीका बारेमा बेलायत र नेपालबीच अहिलेसम्म कुनै सम्झौता नै नरहेको दावीसमेत गरे । यसको अर्थ गोर्खा भर्ती परम्परामात्र हो । पदमबहादुर भन्छन् : राणा शासकले गोर्खा भर्तीमा पठाउन सुरु गरेका हुन्, राणा र अंग्रेज नेपालका बर्बादीका कारण हुन् ।

बृटेनले नेपालीलाई फकल्यैण्डको युद्धमा फ्रन्ट मोर्चामा खटाएपछि गोर्खालाई भाडाका मर्सिनरीको आरोप समेत लाग्यो । जब युद्ध हुन्छ, गोर्खा सैनिकलाई अग्रपंक्तिमा राख्न भारतले समेत गोर्खा रेजिमेन्ट पठाउने गर्छ । अर्थात् गोर्खा छातीमा गोली थाप्नका लागि विदेशी सेनामा भर्ती हुनेगरेको छ । डा.श्रीधर गौतमका अनुसार भर्ती पहिलेदेखि नै बिभेदपूर्ण छ, नेपाल सरकार जनपक्षीय हुनसकेन । समाजशास्त्री डा. गणेश गुरुङका अनुसार भर्ती बन्द गर्ने वा नगर्ने, वैदेशिक रोजगारीमा जान कसरी रोक्न सकिन्छ र ? यो भन्दा पनि नेपालमा रोजगारीको अवसर सिर्जना गर्नसके युवाहरू भर्तीमा होइन, उद्यममा लाग्ने निश्चित छ । युवाहरूमा देशभक्ति र देशमै रोजगारी गर्नुपर्छ भन्ने भावना जगाउन जरूरी छ । यस कार्यमा राजनीतिक इच्छाशक्ति र दृष्टिकोण कमजोर देखिन्छ । यसतिर हाम्रो राष्ट्रिय नीति नै छैन ।

गोर्खा भर्तीको राजनीतिक मामिला भारतसँगको १९५० को सन्धि जस्तै कचल्टिएको विषय हो । मौका पर्दा बिरोध गर्ने र साखुल्ले बन्न मौन बस्ने कारणले यी दुबै मामिला मुद्धामा सिमित बन्न पुगेका छन् ।

# माओवादीले मधेस टुक्र्याउने





काठमाडौं । मंगलबार विराटनगर पुगेका एमाओवादी अध्यक्ष प्रचण्डले फेरि खुलासा गरे-एमाओवादीको केही नेताहरू मधेसबाट चुनाव लड्ने निश्चित छ । आखिर एमाओवादी नेतृत्व मधेसबाट किन उम्मेदवारी दिँदैछ । धेरैको चासो छ ।

रामचन्द्र झा, प्रभु साह, विश्वनाथ शाह, भरत साह, रामकुमार शर्मा, रामकुमार यादव, दीलिप साहजस्ता मधेसी माओवादी नेताहरू भन्छन्- पहिलो संविधानसभाको निर्वाचनमा एमाओवादी मधेसलाई ५ टुक्रा बनाउने रणनीतिमा थियो । मिथिला, भोजपुरा, अवधको अवधारणामा थियो । दोस्रो संविधानसभाको निर्वाचनमा जाँदा एमाओवादी आत्मनिर्णयसहितको स्वायत्त मधेस एक प्रदेशको एजेन्डा लिएर जानेछ । यो एजेन्डालाई मधेसमा उभिनासाथ अध्यक्ष प्रचण्ड, उपाध्यक्षद्वय डा.बाबुराम भट्टराई र नारायणकाजी श्रेष्ठ त्यसै चुनाव जित्नेछन् ।

हो, प्रचण्ड एण्ड कम्पनीले आत्मनिर्णयसहितको स्वायत्त एक मधेस एक प्रदेशमा चुनाव जित्छन् तर नेपालको तराई-मधेस जुनसुकै बेला भारतमा विलयन हुन सक्ने खतरा भने रहनेछ ।

# रिसर्च सेन्टरका नाममा ब्रम्हलूट

*पीआर पन्त*

अहिले हस्पिटल एण्ड रिसर्च सेन्टर खोल्ने अभियान नै चलेको छ । राजधानीमात्र होइन, ठूला सहर सबैतिर यही यस्ता संस्थाहरू छ्यापछ्याप्ति खोलिएका र खुल्दैछन् । यति धेरै स्वास्थ्य संस्थाहरूमा योग्य मेन पावर कसरी आपूर्ति भइरहेका होलान् ? सरकारी अस्पतालमा काम गर्ने विशेषज्ञ जागीरमा कम समय र विभिन्न हस्पिटल एण्ड रिसर्च सेन्टरहरूमा बढी समय दिएर पैसा कमाइरहेको छ । गरीव, निमुखा बिरामीहरूलाई राज्यले दिनैपर्ने स्वास्थ्य सुविधा लिन डाक्टरहरू महगो निजी हस्पिटलतिर रिफर गर्छन् । कतिपय हस्पिटलमा स्वास्थ्य मानिसको उपचार गरेर पनि पैसा अशूल गरिरहेका छन् भने कतिपय हस्पिटलमा बिरामीको असामयिक मृत्यु भइरहेको छ । हालैमात्र आमाले छोरालाई किड्नी दिइन् तर त्यो किड्नी बिरामीमा ट्रान्सप्लान्ट नै भएन, डा.पुकारमाथि किड्नी खोई ? भन्ने आरोप लागेको छ ।

हस्पिटल एण्ड रिसर्च सेन्टर कति दूरीमा राख्नुपर्छ भन्ने नीतिसमेत छैन । नाङ्गले पसलेजसरी असरल्ल जतातते हस्पिटलहरू खोलिएका छन् । सरसर्ती हेर्दा यसरी बढीभन्दा बढी अस्पताल खोलिनु राम्रो मानिन सक्ला तर त्यस्ता अस्पतालहरूको भित्री लक्ष्य के हो ? तिनले जनस्वास्थ्यको सेवा गरिरहेका छन् कि पैसा कमाउने अलग्गै धन्दा चलाइरहेका छन् ? किन हस्पिटल एण्ड रिसर्च सेन्टर खोल्न लगानीकर्ताहरू आकर्षित भइरहेका छन् ? एक ताका पश्मिना, कार्पेट, तैयारी पोसाक घर घरमा खोलिएका थिए । आज ती सबै उद्यमहरू समाप्त भइसकेका छन् । त्यस्तै हस्पिटल तथा रिसर्च सेन्टर पनि समाप्त हुने त होइन ? यस्ता जहाँतहीं न्यूनतम मापदण्डसमेत नपुर्‍याई खोलिएका हस्पिटल एण्ड रिसर्च सेन्टरहरूले सेवाभन्दा बढी व्यापार गरिरहेका त छैनन् ? उही डाक्टर ५ भन्दा बढी अस्पतालमा बिभिन्न समयमा उपलब्ध हुन्छ भने भन्न सकिन्छ- दालमे कुछ काला है । गजब त के छ भने यस्ता हस्पिटलहरूले सरकारलाई बुझाउनु पर्ने कर समेत बिरामीबाट असूल गरिरहेका छन् । आफ्ना लापरवाहीले हुने गरेका गल्ती स्वीकार गर्दैनन र समाजले र राष्ट्रले गर्ने नहुने भनेको विविध प्रकारका भ्रुण हत्याको महामारी पनि फैलाइरहेका छन् ।

अर्को कुरा नेपालबाट दिनहुँ ४ हजारभन्दा बढी युवायुवती वैदेशिक रोजगारीमा गइरहेका छन् । रोजगारीमा जानेले स्वास्थ्य परिक्षण रिपोर्ट लिनैपर्छ । यसरी रिपोर्ट लिने नाममा नीतिकारदेखि स्वास्थ्य संस्थाहरूले व्यापक भ्रष्टाचार गरिरहेका छन् । अर्थात् नेपालमा स्वास्थ्य सेवा व्यापार बन्दै गएको छ ।

# लाखको रक्सी, ३ लाखको तेल

काठमाडौं । नेपाली गरीब छन्, यो गलत समाचार हो । किनभने पौने लिटरको लाख पर्ने जोनिवाकर रक्सी खाने र एक लिटरको ३ लाख पर्ने तेलको व्यापार गर्ने नेपालमै छन् ।

जेठ ३१ गते प्रहरीले साढे दुई लिटर तेल पक्राउ गर्‍यो । हरर... बास्ना आउने यो तेल रक्तचन्दनको तेल रहेछ । पक्राउ परेकाले बताए- यति तेलको ७ लाख भन्दा बढी पर्दछ ।

अर्थात् रक्तचन्दनको काठ, काठका धुलो तस्करी गर्न कडाई गरिएपछि तस्करहरूले रक्तचन्दनको तेल बनाएर चीनतिर तस्करी गर्न थालेछन् । लिटरकै साढे ३ लाख पाइने भएपछि लाखको रक्सी किन नपिउनु । यस्तो महंगो रक्सी भ्याट छल्ने, राजस्व मार्ने विग हाउसमा पनि खपत भइरहेको छ ।

एकथरि नेपाली-जो बहुसंख्यक छन् । हातमुख जोर्न धौ-धौमा छन् । अर्काथरि नेपाली ४ पैसा कमाउन ज्यानको बाजी थापेर वैदेशिक रोजगारीमा गरिरहेका छन् । केही शक्ति र सत्ता वा तिनका निकट व्यक्तिहरू नवसम्भ्रान्तका सौख पूरा गरिरहेका छन् । हुने र नहुनेको खाडल बढ्दैछ । लाग्छ, टाट नेपाली र सौखिन भाट नेपालीबीच ठूलै द्वन्द्व छिट्टै हुनेछ ।

# यस्तो छ पत्रपत्रिका अधिकार मञ्चको माग

पत्रपत्रिका अधिकार मञ्चले सूचना वा विज्ञापनको समानुपातिक वितरण प्रणाली सम्बन्धी निर्देशिका- २०६९ को निम्न दफाहरू र सूचना वा विज्ञापनको समानुपातिक वितरण सम्बन्धी कार्याविधि- २०७० सच्याउन असार तीन गते सूचना विभागमा ज्ञापन पत्र बुझाएको छ । मञ्चले निर्देशिका र कार्यविधिमा संशोधन गर्न पेश गरेका प्रस्तावहरूः

१) उक्त निर्देशिकाको दफा २१ मा काठमाण्डौं उपत्यका समन्वयन समितिमा यस मञ्चको प्रतिनिधित्व समेत हुने व्यवस्था गरियोस् ।

२) सूचना वा विज्ञापनको समानुपातिक वितरण सम्बन्धी कार्याविधि २०७० को दफा २७ मा सञ्चार माध्यमको लागि एकमुष्ठ रकम प्राप्त भएको अवस्थामा रकम विनियोजन सम्बन्धी उपदफा ३ बुँदा २७.२ भन्नेमा छापा माध्यमको लागि घटीमा ६० प्रतिशत छुट्याइनु पर्ने र बाँकी ४० प्रतिशत इलेक्ट्रोनिक्स मिडियाका छुट्याउने व्यवस्था गरियोस् ।

३) त्यसैगरी दफा २९ को सञ्चार माध्यमले किसिम र वर्गको आधारमा पाउने रकमको अनुपात भन्ने शिर्षकको अनुसूची ४ मा दैनिकलाई ५, अर्धसाप्ताहिक र साप्ताहिकलाई ३, पाक्षिक र मासिकलाई १ को अनुपातमा राख्ने व्यवस्था गरियोस्, साथै द्वैमासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिकरूपमा निस्कने पत्रपत्रिका र पुस्तकहरूलाई छापाको किसिम समूहको ३ समूहबाट हटाउने व्यवस्था गरियोस् ।

४) त्यसैगरी दफा २९ को उपदफा २ मा सञ्चार माध्यमहरूले वर्गको आधारमा पाउने रकमको अनुपात निम्न अनुसार कायम गरियोस्, ७, ५, ३ र १ । त्यहाँबाट पनि द्वैमासिक र त्रैमासिक लगायतकाहरूको नाम हटाइयोस भन्ने पत्रपत्रिका अधिकार मञ्चको जोडदार माग रहेको छ ।

पछिल्लो समयमा प्रेस सम्बन्धी जस्तै कागज, मसी लगायत अन्य सामानको मुल्य वृद्धि अधिक बढेको हुनाले अविलम्व लोककल्याणकारी विज्ञापनको रकममा घटीमा ५० वृद्धि गराउने तर्फ सूचना विभागले सकृयता देखाओस् भन्ने जोडदार माग गर्ने निर्णय यस मञ्चले गरेको व्हहोरा जानकारी गराइएको छ ।

## टेलिकमद्वारा ब्यालेन्स निष्कृय हुने समय थप

काठमाडौं । नेपाल टेलिकमको जिएसएम र सिडिएमए प्रिपेड मोबाइल प्रयोगकर्ताले एउटै रिचार्ज कार्डबाट लामो अवधिसम्म सेवा उपभोग गर्न पाउने भएका छन् । टेलिकमले जिएसएम र सिडिएमए प्रिपेड मोबाइल रिचार्ज गर्दा हाल कायम रहेको ब्यालेन्स निष्कृय हुने समयावधी बढाएको छ । नयाँ समयावधी बुधबारदेखि लागु भएको टेलिकमले जनाएको छ ।

एमपीओएस पिनलेस रिचार्ज सेवाबाट जिएसएम प्रि-पेड मोबाइल रिचार्ज गर्दा पनि ब्यालेन्स निष्कृय हुने समय बढाइएको छ । हाल कायम अवधीबाट एउटै रिचार्ज कार्डबाट लामो समय सेवा लिन खोज्ने ग्राहकहरूलाई अप्ठ्यारो परेको थियो । समयावधी थप गर्दा यस्ता ग्राहक लाभान्वित हुने टेलिकमले विश्वास लिएको छ ।

## एनबी बैंकबाट एनबी समूह आउट

काठमाडौं । बंगलादेश बैंकबाट एनबी समूह पूर्णत बाहिरिने भएको छ । बैंकमा रहेको एनबी समूहको २७ प्रतिशत सेयर बंगलादेशको आईएफआईसी बैंकले खरिद गर्ने निश्चित भएपछि एनबी समूहको बहिर्गमन निश्चित भएको हो ।

एनबी ग्रुप आईएफआईसीले सेयर खरिदबापत पहिलो किस्तामा ७८ करोड रूपैयाँ एक साताभित्र नेपाल पठाउने जानकारी गराएको छ । एनबी समूहको कूल सेयर बिक्रीबापत १ अर्ब ४२ करोड ८० लाख रूपैयाँ प्राप्त हुनेछ । तर, एनबी समूहका सञ्चालकको हातमा भने एक रूपैयाँ पनि पर्ने छैन । उक्त रकम नेपाल राष्ट्र बैंकमा खोलिएको विशेष खातामा जम्मा हुनेछ ।

एनबी समूहले बंगलादेश बैंकमा रहेको सेयर धितो राखेर विभिन्न बैंकबाट कर्जा लिएको छ । एनबी समूहले ती बैंकको कर्जा चुक्ता नगरी सेयर फुकुवा हुँदैन । आईएफआईसी बैंकले सेयरबापतको रकम भुक्तानी गरे पनि तत्काल उसको नाममा सेयर कायम हुनेछैन । राष्ट्र बैंकको खातामा जम्मा गरिने रकम एनबी समूहको ऋण तिर्न कसरी प्रयोग गर्ने भन्ने विषयमा राष्ट्र बैंकले अझै निर्णय गरिसकेको छैन ।

एनबी समूहले सेयर धितोमा लिएको ऋण १ अर्ब ४२ करोड ८० लाख रूपैयाँभन्दा बढी रहेको छ । सबै प्रकारको गरी यस समूहको ऋण २ अर्ब रूपैयाँ रहेको अनुमान छ ।

## कलर्सले ल्यायो 'एक्स फ्याक्टर एचडी'

काठमाडौं । रिजनल ब्राण्ड कलर्सको नयाँ स्मार्टफोन 'एक्स फ्याक्टर एचडी' नेपाली बजारमा भित्रिएको छ । नेपाली उपभोक्ता सुहाउँदो उक्त स्मार्टफोन कलर्स मोबाइलको नेपालका लागि आधिकारीक बिक्रेता टेलिटकले नेपाल भित्राएको हो । स्मार्टफोनको टेलिटकका अध्यक्ष रोहित गुप्ता र कार्यकारी निर्देशक सञ्जय अग्रवालले संयुक्त रूपमा उद्घाटन गरेका थिए ।स्मार्टफोन नेपाली बजारमा २५ हजार रूपैयाँभन्दा तल नै पाइने कम्पनीले बताएको छ ।

'निम्न मध्यमवर्गीय उपभोक्ताहरूका लागि उच्च प्रविधियुक्त यो स्मार्टफोन उत्तम हुनेछ' अग्रवालले भने- 'नयाँ स्मार्टफोनले उपभोक्ताको मन जित्न सफल हुनेछ ।' कलर्सको एक्स फ्याक्टर सिरिजले पछिल्लो समय नेपाली उपभोक्ताको मन जित्न सफल भएका छन् । कम मूल्यमा उच्च प्रविधिको स्मार्टफोन चलाउन पाएपछि उपभोक्ता कलर्सतर्फ आकर्षित भएको कम्पनीको दाबि छ ।

## गर्मीमा सीजीका नयाँ एयर कन्डिशनर

काठमाडौं । चौधरी समुह अन्तर्गतको सीजी इलेक्ट्रोनिक्सले सीजी ब्राण्डका एयर कन्डिशनर बजारमा ल्याएको छ । गर्मी मौसममा चिसोको माग पुरा गर्न सीजीले कम भोल्टमा चल्ने नयाँ मोडलका एयर कन्डिशनर बजारमा ल्याएको हो । सीजी-०९ टिएचसीए, सीजी-१२ टिएचसीए, सीजी-१८ टिएचसीए, सीजी-२४ टिएचसीए गरी चार मोडलमा उपलब्ध एयर कन्डिशनरको बजार मूल्य ४० हजार ५ सय ८० रूपैयाँदेखि ७७ हजार ९ सय ९० रूपैयाँसम्म पर्ने छ ।

एयर कन्डिशनरमा 'बिल्ट ईन भोल्टेज स्टेबलाईजर' साथ आउने हुदा थप भोल्टेज स्टेबलाईजर किन्न नपर्ने कम्पनीले जनाएको छ । भोल्टेज थप-घट भइरहने तराइ क्षेत्रमा समेत यी एयर कन्डिशनर मज्जाले चल्ने कम्पनीको दाबी छ । आकर्षक मोडलमा उपलब्ध यी एयर कन्डिशनर आवाज रहित र ईको फ्रेण्डली रहेका छन् । रिमोटबाट चलाउन मिल्ने कन्डिशनर सजिलै यता-उता लैजान मिल्ने कम्पनीले बताएको छ । एयर कन्डिशनरमा १२ महिनाको वारेन्टी प्रदान गरिने छ । कम्पनीका अनुसार देशभर रहेका सीजीका शो-रूमहरूमा यी एयर कन्डिशनर पाइने छन् ।

### आफ्नै नेताहरुको...

एकीकृत नेकपा-माओवादीबाट विभाजित भएर गठन भएको नेकपा-माओवादीले एकीकृत नेकपा माओवादीका नेताहरुलाई नयाँ सामन्त भएको आरोप लगाउँदै उनीहरू र उनीहरूका नातेदारको नाममा रहेका जग्गा जमिन कब्जा गर्न थालेका छन् । यसको सुरुवात जेठ ३१ गते शुक्रबार बाँके जिल्लाको फत्तेपुरबाट भएको छ । ठूलो संख्यामा फत्तेपुर पुगेका नेकपा-माओवादीका कार्यकर्ताहरूले एमाओवादीका दुई जिल्लास्तरीय नेता र नातेदारको नाममा रहेको ३० विगहा जग्गामा झण्डा गाडेका छन् । फत्तेपुर-३मा रहेको ज्ञानी विष्ट र पुन शर्माको नाममा रहेको १६ बिगहा, ८ कठ्ठा १० धुर र फत्तेपुर ७ स्थित उर्मिलादेवी बर्मा तथा भक्त अधिकारीकी पत्नीका नाममा रहेको १३ विगहा ८ कठ्ठा ३ धुर जग्गा कब्जामा लिएका छन् । उमिलादेवी सोही पार्टीको जिल्ला सचिवालय सदस्य सुकलाल बर्माकी पत्नी हुन् ।

नेकपा-माओवादीले त्यसरी जग्गा कब्जा गर्नुको कारण खुलाउँदै सरकारीकरण गरी भूमिहीनलाई वितरण गर्नुपर्ने जग्गा एमाओवादी नेताहरूले कागज मिलाएर आफ्ना नातेदारको नाममा दर्ता गरेकोले आफूहरूले कब्जा गर्नु परेको बताएका छन् । २०२८ सालदेखि जोतभोग गर्दै आएको जग्गा जालसाजी गरी नेता र नेताका नातेदारको नाममा दर्ता गरिएकोले कब्जा गर्नु परेको नेकपा-माओवादीका केन्द्रीय सदस्य आईपी खरेलले बताएका छन् । जिल्ला सदरमुकामबाट ४० किलोमिटर पूर्वको जग्गा नियन्त्रण लिन केन्द्रिय सदस्य खरेलसहित जिल्ला ईन्चार्ज दीपक शर्मा, सेक्रेटरी नविन सुवेदीलगायत ठूलो संख्यामा नेकपा-माओवादीका कार्यकर्ता त्यहाँ पुग्दा जग्गाको जोतभोग गर्दै आएका किसानहरूले उनीहरूलाई साथ दिएका थिए ।

नेकपा-माओवादीका कार्यकर्ताहरूका अनुसार उक्त जग्गा ५ दिनभित्रै नातेदारहरूका नाममा दर्ता गराइएको प्रमाण भेटिएको हुनाले आफूहरूले नियन्त्रणमा लिनु परेको बताएका छन् । संविधानसभाको निर्वाचनको घोषणा गरिएको भोलिपल्टै एमाओवादीका नेता र उनीहरूका नातेदारहरूको जग्गा नेकपा-माओवादीका कार्यकर्ताहरूले कब्जामा लिनुले एकीकृत नेकपा माओवादी र नेकपा-माओवादीबीच एकताको सम्भावना नरहेको र निर्वाचनमा समेत त्यसले असर पार्न सक्ने देखिएको छ ।

### न्यायपरिषद्‌मा...

र नैतिक ताकत स्खलन भइसकेको प्रमाण हो यो । साथै नेपालमा अब स्वच्छ न्याय सम्पादन प्रणाली समाप्त भएको उदाहरण पनि हो यो ।

एमाओवादी, नेपाली सेना र सर्वोच्च अदालतलाई ध्वस्त-विध्वंश पार्न चाहन्थ्यो । ५ वर्षपछि भए पनि सर्वोच्च अदालत र न्यायिक विधिलाई राजनीतिकरण भाइरसद्वारा समाप्त पार्न सफल भएको छ ।

न्यायिक मर्याद विपरित राजनीतिक आस्था देखाउने न्यायाधीशहरु हुन्- एमालेका रमेश राजभण्डारी, यमुना भट्टराई, श्रीमण गौतम, हरि भण्डारी, राजेश्वर तिवारी, जगन्नाथ महत्तो, रमेश थापा, केशव जोशी, मनोज शर्मा, नीलम पौडेल । एमाओवादीका भानुभक्त शर्मा, दिनेश यादव र कृष्णलाल भट्टराई जस्ता पार्टीको झण्डा बोक्नेले के न्याय दिने ?

### ओमानमा...

सीआईडीले कम्पनीविरुद्ध मानव बेचविखनको मुद्दा दायर गरेपछि 'ओमानमा बलात्कार, वैदेशिक रोजगार विभागमा भ्रष्टाचार' को खुलासा भएको छ ।

पीडित महिला दीपाकी छोरी सन्ध्या र भाइ सुमनका अनुसार वैरो विभागमा मुद्दा शाखाका पाण्डे अधिकृतले सुरुमा १५ हजार दिए दर्ता हुन्छ नत्र हुन्न भनेका थिए । बैरो विभागका महानिर्देशक विनोद केसी यो काण्ड बाहिर आएपछि पीडितलाई सहयोग गर्न तयार भएका छन् ।

### निर्वाचन गराउन...

सरकार र उच्चस्तरीय राजनीतिक संयन्त्रलाई म चुनौति दिन्छु । सरकारले नेकपा-माओवादीलाई उपेक्षा गरेर निर्वाचन गराए हुन्छ । हाम्रो पार्टीलाई उपेक्षा गरेर जबर्जस्ती निर्वाचन गराएको खण्डमा त्यसको परिणाम भविष्यले देखाउने छ । सचिव गुरुङले एमाओवादीकै शैलीमा अगाडि भने वर्तमान रेग्मी सरकारले फासीवादी ढंगमा एकलौटी रूपले निर्वाचन गराउन खोजेको खण्डमा मुलुक फेरि द्वन्द्वमा धकेलिने छ । एकलौटी ढंगमा चार दलको वर्चस्व हुने अर्थहीन निर्वाचनको विरूद्ध जुनसुकै कदम चाल्न पनि हामी तयार छौं भन्ने उद्घोष गरेका छन् । फाँसीवादी, तानाशाही र विदेशी आडमा नेपालीलाई दास बनाउन गरिने निर्वाचनको औचित्य नभएको भन्दै उनले आक्रोस समेत पोखेका थिए । यसरी एकलौटी हुने निर्वाचनकाविरूद्ध हामी जनविद्रोह गर्छौं भन्दै निर्वाचन किन भन्ने उद्देश्य प्रष्ट नभएसम्म चुनाव घोषणाको अर्थ नहुने पार्टीको धारणा रहेको प्रष्ट पारेका थिए ।

सोही कार्यक्रममा नेपाली काँग्रेसका नेता मिनेन्द्र रिजालले संविधानलाई क्रियाशील बनाउन निर्वाचन आवश्यक भएको र निर्वाचनको विकल्प नभएको बताएका थिए भने एमाओवादी नेता वर्षमान पुनले निर्वाचन बहिष्कार गर्नेहरू जनताबाट अलग्गिने बताउँदै त्यस्तो गल्ती नगर्न नेकपा-माओवादीलाई सुझाव दिएका थिए । नेकपा एमालेका नेता रघुजी पन्तले निर्वाचन हुनु पर्दछ, निर्वाचन आवश्यक छ भन्दै निर्वाचनको वातावरण बनाउनु पर्नेमा जोड दिएका थिए ।

### खिलराजका...

खिलराजका हनुमानहरू डिआईजीस्तरका हुन् ।

मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीले आईजीपी कुबेरसिंह रानाको सिफारिसलाई कुनै जवाफ नै नदिई पन्छाएर यी नामहरू गृहमन्त्रीमार्फत् 'हुन्छ' भनेका थिए । अब हेर्नुछ, खिलराज रेग्मीको विश्वास अनुसार यी डिआईजीहरूले निर्वाचनमा कुन तहसम्मको स्वच्छता अपाउने हुन् ?

### प्रचण्डलाई...

देखिने छ । हाम्रो हातमा दही जमेको छैन । चार दलको बर्चस्वमा हुने अर्थहीन निर्वाचनको विरूद्ध जुनसुकै कदम चाल्न हामी तयार छौं ।'

अर्थात् द्वन्द्व सुरु भयो । राजनीतिक निकास र नयाँ संविधानसभाको दोस्रो निर्वाचनका लागि तोकिएको मंसिर ४ को मिति राजनीतिक विवाद र हिंसा निम्त्याउने कारण बन्न थालेको छ । असन्तुष्ट दलहरुलाई छिट्टै राजनीतिको सूत्र खोज्ने र निर्वाचनमुखी नबनाउने हो भने प्रचण्डले चाहेर मात्र चुनाव हुन सक्ने देखिँदैन ।

### भ्रष्टाचारीविरुद्ध...

मुद्दा दर्ता गरेको छ । छुट जग्गा दर्ता गराउन छुटेको भन्दै पैसाको चलखेल गरी धनकुटाको विभिन्न गाविसमा रहेका सार्वजानिक, ऐलानी, पर्ती र सामुदायिक वनका सात सय ७४ रोपनी १० आना कथित जग्गा धनी खडा गरी कथित व्यक्तिहरूको नाममा जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भनेर अख्तियारले पाँच कर्मचारीहरूका विरुद्ध भ्रष्टाचारका मुद्दा जेठ ३१ गते दर्ता गरेको छ ।

अख्तियारले मालपोत कार्यालय धनकुटाका प्रमुख सुरेशकुमार थपलिया, नापी कार्यालय धनकुटाका तत्कालीन प्रमुखद्वय रामप्रसाद गुप्ता तथा राजेन्द्र यादव, मालपोत कार्यलायका शाखा अधिकृत टंकप्रसाद दवाडी र नायव सुब्बा रविन्द्रहरि दाहालविरूद्ध भ्रष्टाचारका मुद्दा दायर गरेको छ । भ्रष्टचार सम्बन्धी मुद्दा विशेष अदालतमा दर्ता भएपछि कर्मचारीहरू यसै दिनदेखि स्वतः निलम्वन हुने कानुनी व्यवस्था भएका हुनाले पाँचै जना जेठ ३१ गतेबाटै निलम्बनमा परेका छन् ।

छुट जग्गा दर्ता सम्बन्धी छुट दर्ता समितिको अध्यक्ष सम्बन्धित मालपोत कार्यालयका प्रमुख नै अध्यक्ष रहने व्यवस्था छ । कानुनी रुपमा नाप नक्सा भएका छुट जग्गा रैकर जग्गा दर्ताका लागी परेका निवेदनहरू २ वर्ष भित्रै टुंगो लगाउन २०६६ कार्तिक ११ गते मन्त्रिस्तरीय निर्णय भएकोमा त्यसैलाई टेकेर मालपोत र नापीबाट सार्वजानिक जग्गा मास्ने नियतले कथित जग्गा धनी खडा गरेर सार्वजानिकलगायत अन्य जग्गाहरू व्याक्तिको नाममा दर्ता गरिएको थियो । स्थानीय केशरमान लिम्बु, विष्णुमाया लिम्बु, खगेन्द्रबहादुर वस्नेत, कमलबहादुर बस्नेत, रामबहादुर बस्नेत, देवीप्रसाद लिम्बु, धनमाया लिम्बु, रामबहादुर राई, हरिप्रसाद ओझा, अम्नी ओझा, रेवती ओझा, नारायण भट्टराई, कान्छीमाया लिम्बु, प्रेमबहादुर बस्नेत सहित २७ जनाको नाममा जग्गा दर्ता गराइएको अख्तियारले दाबी गरेको छ । मालपोत कार्यालयको जग्गाको न्यूनतम मूल्यका अनुसार पनि २९ लाख ६५ हजार ३ सय ९२ रुपैया ६३ पैसा राज्यलाई नोक्सान पुऱ्याएको अख्तियारले ठहर गरेको अभियोग पत्रमा उल्लेख गरिएको छ । बारम्बार यसरी कर्मचारीहरू भ्रष्टाचारको मामीलामा निलम्बन भएपनि पछि उनीहरूले मुद्दा जित्ने र फेरी पदमा वहाली हुन सक्ने भएका हुनाले भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । अब अदालतले पनि भ्रष्टाचारीहरूका विरूद्ध कडा हुने पर्ने आवश्यकता भएको छ ।

### मेरो पनि...

स्पन्दन आत्मसाथ गरेर मन, वचन र कर्मले राष्ट्रसेवाको महान अभियानमा संलग्न हुन म मातृभूमिप्रति सदा समर्पित रहनेछु ।' भनेका छन् । पूर्वराजाको अभूतपूर्व जनस्वागत र अभिनन्दन हुनु र पूर्वराजा ज्ञानेन्द्रले राजनीतिमा उत्रनै लागेको सन्देशले नेपाली राजनीतिमा ठूलै कम्पन पैदा गरिदिएको छ ।

यसैवीच राप्रपा नेपालका अध्यक्ष कमल थापाले निर्वाचनकै माध्यमबाट राजतन्त्र पुनर्स्थापित हुन्छ भन्ने अभिव्यक्ति दिएका छन् । हुन पनि संविधानसभाले किनारा लगाएको राजतन्त्र दोस्रो संविधानसभाको निर्वाचनपछि पुनर्स्थापित हुने सम्भावना बढेको छ । निर्वाचन नै भएन भने पनि नेपालमा राजतन्त्रको बिकल्प राजनीतिक बर्गले दिन सकेको स्थिति छैन । सम्भवतः उत्तर र दक्षिणका छिमेकीले पनि नेपालको राजनीतिक अराजकता र अस्थिरताबाट वाक्क भएर नेपाली जनताले चाहेजस्तै राजतन्त्र पुनर्स्थापनाको पक्षमा आफूलाई उभ्याउन थालेको आभाष विश्लेषकहरुले अनुभव गर्न थालिसकेका छन् ।

## न्यायाधीश पनि अब पार्टी कार्यकर्ता

काठमाडौं । हालै न्याय परिषदले पुनरावेदन अदालत र जिल्ला अदालतमा गरी १६९ जना लाई न्यायाधीशमा नियुक्त गर्न सिफारीस गरेनुसार सर्वोच्च अदालतका कामु प्रधानन्यायाधीश दामोदर शर्माले आइतवार अर्थात असार २ गते पुनरावेदन अदालतमा नियुक्त भएका न्यायधीशहरूलाई शपथ ग्रहण गराएका थिए ।

मुलुक अहिले चार दलिय सिन्डिकेटमा सञ्चालित भएको छ । चार दलले न्यायालयमा पनि भागवण्डा गरेर न्यायाधीश नियुक्ती गर्न न्यायपरिषद्‌लाई लिखित आग्रह गरेपछि राजनैतिक दलमा सक्रिय भएका व्याक्तिहरू समेत न्यायाधीशमा नियुक्त भएपछि तिनीहरूबाट कस्तो न्याय पाइन्छ यो रहस्यको विषय नै बनेको छ । नेकपा एमालेको सिफारिसमा नियुक्त भएका १० जना पुनरावेदनमा नियुक्त न्यायाधीशहरु कामु प्रधानन्यायाधीशबाट शपथ लिए बित्तिकै आफ्नो माउ पार्टी केन्द्रीय कार्यालय बल्खु दरबार पुगेका थिए । वल्खु दरबारमा पुगेर उनिहरूले पार्टी अध्यक्ष झलनाथ खनाल र राज्यव्यवस्था समिति सदस्य अष्टलक्ष्मी शाक्यसँग भेट गरेका छन् । भेटका अवसरमा अध्यक्ष खनाल र शाक्यले न्यायाधीशहरूलाई पार्टीको हित नबिर्सन आग्रह गरेका हुनाले उनीहरूबाट निष्पक्ष न्याय पाउन जनताले नसक्ने अवस्था सिर्जना भएको छ ।

बल्खु पुगने पुनरावेदनका न्यायाधीशहरुमा एमाले प्युठान जिल्ला कमिटिका पूर्व सचिव एवम् पूर्व जिविस उपसभापति रमेश राजभण्डारी, एमाले केन्द्रीय कानुन विभाग सदस्य यमुना भट्टराइ, केन्द्रीय निर्वाचन विभाग सदस्य श्रीमण गौतम एमाले गुल्मी–काठमाडौं सम्पर्क मञ्चका पूर्व अध्यक्ष हरि भण्डारी थिए भने अन्यमा राजेश्वर तिवारी, जगन्नाथ महतो, रमेश थापा, केशव जोसी, मनोज शर्मा र निलम पौडेल थिए । शपथ सकिए पछि उनीहरू केवल औपचारीकता पुऱ्याउन मात्र उनीहरू बल्खु दरबार गएका छन् कि आदेश लिन भने बहस अहिले चल्न थालेको छ ।

**गरिबी, अन्याय, अत्याचार, भ्रष्टाचार, अशिक्षा, जातीय भेदभाव हाम्रा शत्रु हुन् । यसका विरूद्ध सबै सचेत, सजग र क्रियाशील रहनु पर्दछ ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुढनगर, फोन : ४७८०२९५ मो. : ९८४१५५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१५५९६९९, बजार व्यवस्थापक : गोकुल दुलाल (९८४९७८४४५५) मुद्रण : सुनमाया प्रिन्टिङ प्रेस, बागबजार